Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash.com.np@gmail.com

वर्ष- १७, अंक- ३ २०८१ साल साउन २२ गते मंगलबार (Aug 6, 2024) www.janaakash.com.np

## बालबालिकाको सहयोगार्थ डिलाइट च्यारिटी कन्सर्ट-२०२४ सम्पन्न




काठमाडौं- डिलाईट हेरिटेज म्यूजिक र जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले संयुक्त रुपमा विभिन्न संस्थामा रहेका अनाथ दृष्टि बिहिन तथा अपांगता भएका बालबालिकाको सहयोगका लागि डिलाइट च्यारिटी कन्सर्ट २०२४ को आयोजना सम्पन्न गरेको छ ।

ठमेलस्थित एलफ्ट होटलमा गरिएको उक्त कन्सर्टमा डिलाइट म्यूजिक स्कूलका विद्यार्थीहरुले आफुले सिकेको सांगीतिक कला प्रस्तुत गरेका थिए ।

डिलाइट ब्याण्डका साथै त्रि-नेत्र फाउण्डेशन, सेन्टर फर डिजावेल्ड चिल्ड्रेन एशोसिएसन, बोदिचित्र डेभलपमेन्ट सोसाईटी, बज्र अर्य फाउण्डेशन, नग्री वेलफेयर सोसाईटी, ह्प्पी चिल्ड्रेल होम, स्टुडेन्ट फर सिक्स अर्फनगेस, क्वार्टेट लगायतबाट सहभागी बालबालिकाले आफूले सिकेका कला च्यारिटी कन्सर्टमा प्रस्तुत गरेका थिए ।

कन्सर्टमा सहभागी बालबालिकाहरुले राष्ट्रिय गानबाट आफ्नो प्रस्तुती सुरुवात गरेका थिए । च्यारिटी कन्सर्ट हेर्न आएका आम दर्शकलाई बालबालिकाहरुले पिरै पिर, असारे महिनामा, कलिलो तामालाई, शिर माथि, तिरिरि मुरली, मंगोल धुन, हेर न हेर कान्छा, फूलको आँखामा, रेशम फिरिरि, कलकते काईयो, कति बस्छौ माईती » बाकी ६ पृष्ठमा

# राजनीति पार्टीप्रति जनताको बितृष्णा बढ्दो

■ मोहन कार्की

नेपालका राजनीतिक पार्टीहरुले आयोजना गरेको कार्यक्रममा अचेल आम मानिसहरु हत्तपती जादैनन् गएपनि राजनीतिक पार्टीका नेताले गरेको भाषण, गफ त्यति मन लगाएर सुन्दैनन् । राजनीतिक पार्टीका नेताले भाषण गरीरहेका हुन्छन् । जनताहरु अर्कोतिर गफ गरिरहेका हुन्छन् । नेपालको राजनीतिक पार्टीहरुलाई हेर्ने पछिल्लो चित्र यस्तो खालका बन्दै गएको देखिन्छ ।

यस्तो वातावरण देशको दिक्क लाग्दो अवस्थाले सिर्जना गरेको आम मानिसहरुले बताउने गरेका छन् । राजनीतिक पार्टीहरुको सत्ता मोह सरकारमा पुग्नको लागि गरिएका चुनावताका अमऱ्यादित क्रियाकलाप, चुनाव जितेपछि सरकारमा गएर गरेका जनता विरोधी कार्य, असल कर्म गर्ने नागरिकहरुलाई राजनीतिक प्रतिशोध राखेर गर्ने गरेको काम आम मानिसहरुले भोगिरहेका छन् ।

त्यस खालका कृयाकलापहरु दिनानुदिन बढ्दै गएर मानिसले नेपालमा बस्न दिक्क मान्ने परिस्थिति निर्माण गर्न नेपालका थोत्रा पार्टीहरुको असक्षमकारी भूमिकाले जनतलाई यस्तो दिक्क लाग्दो अवस्थामा पुऱ्याएको हो भन्ने जनताको बुझाई रहेको छ ।

चोकका चिया पसल, भित्री चमेना गृहहरु, प्रध्यापकहरुले चिया पिउने क्याटिनहरु विद्यार्थीहरुले खाजा खाने स्थाहरुमा, अर्म पर्म गरेर खेती गर्ने किसानहरुको समूहमा मजदुरी



गरी जिविकोपार्जन गरिरहेका मजदुरुहरु बीचमा यस्तै गफहरु गरेको सुनिन्छ ।

यि माथि उल्लेखित विषयहरुका बारेमा आम नागरिकले गरेको धारणालाई आधार मान्दा नेपालका राजनीतिक पार्टीप्रति जनताको बितृष्णा बढेको नै हो भन्न सकिन्छ ।

हुन पनि यिनै सिमित राजनीतिक पार्टीहरु नेपालको सरकारमा जाने सरकार चलाउने गर्ने गरेका छन् । यिनै राजनीतिक पार्टीका नेताहरु सरकारमा आलोपालो गरेर सरकार चलाउदा नेपालको महगी वार्षिक १५ प्रतिशतसम्म बढ्ने गरेको छ। आम्दानी भने घट्ने तर नबढ्ने गरेको छ । यस्तो तरिकाको व्यवस्थापनले नेपालका तस्कर, माफिया, बिचौलिया, कार्टेलिङ गर्ने काला बजारी सिमित मान्छेलाई मात्रै फाईदा पुग्ने गरेको छ। त्यसलाई भन्ने आधार मेडिकल व्यवसाय समेत गरिरहेका हाल अभियान्तको रुपमा रहेका दुर्गा प्रसाईले सार्वजनिक रुपमा नै बोल्दै आएका छन् ।

दुर्गा प्रसाईको भनाइलाई बल पुग्नेगरी राजनीतिक पार्टीका नेताहरु ति कार्टेलिङ गर्ने व्यापारीका घर आगनमा सरकारमा रहेका महत्वपूर्ण व्याक्तिहरु नै पुग्ने गरेका देखिन्छन् । देश र जनताको हितमा भन्दा अन्यन्त्र नै काम कारवाही गर्ने गरेका राजनीतिक पार्टीहरु प्रति जनताको बितृष्णा बढेर जानु स्वभाविक हो ।

## काभ्रेमा उत्पादित आलुको 'ब्राण्डिङ'



काभ्रेपलाञ्चोक- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको सहयोगमा यहाँ आलुको 'ब्राण्डिङ' थालिएको छ ।

आलुको 'हब' मानिने यस जिल्लाको पनौती नगरपालिका-३ कुशादेवीमा आलु भण्डारणसहित 'प्याकेजिङ' थालिएको हो । 'आलु सुपरजोन'का रुपमा जिल्लाको चिनारी बनाउन तथा यहाँको आलुको गुणस्तरीयतालाई प्रचारप्रसार गर्न स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी ब्रान्डिङ गर्ने ध्येयले प्याकेजिङ सुरु गरिएको जनाइएको छ ।

प्रारम्भिक चरणमा हाल दुइ किलो, तीन किलो र पाँच किलो तौलमा आलुको प्याकेजिङ हुने गरी ब्राण्डिङ सुरु गरिएको खाद्यान्न तथा बीउ आलु, अलैंची, फलफुल नर्सरी उद्योगका सञ्चालक राजेन्द्र थापाले बताए । उनका अनुसार स्थानीयस्तरमा उत्पादित आलुको ब्रान्डिङसहित बजारीकरण थालिएको हो ।

भण्डारणका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना (सुपरजोन)को आर्थिक सहयोगमा भन्डारण कक्ष निर्माणसहित प्याकेजिङ गरिएको आलु बजारीकरण सुरु गरिएको थापाले बताए ।

'हाललाई एकतले भवनबाट भण्डारणसहित प्याकेजिङ थालेका छौं, अब चालु आर्थिक बर्षमा भवनको निर्माण थप्दै प्याकेजिङको » बाकी ६ पृष्ठमा

## कपिलवस्तुको कृष्णनगरमा निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं- कृष्णनगरमा स्व.वक्तावारीदेवी गोयल कल्याणकारी कोषले ग्लष्खभचकर्बा ऋर्यभिनभ या :भमष्अर्बा क्अष्भलअभक, भैरहवाको समन्वयमा श्रावण १९ गते शनिवार १ दिने निःशुल्क स्वास्थ्य शिविर गरेको छ ।

कपिलवस्तुको कृष्णनगरमा अवस्थित लक्ष्मीनारायण मन्दिर धर्मशाला परिसरमा उक्त निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो । विहान ९:३० बजे देखि सुरु भएको उक्त स्वास्थ्य सिविरमा कृष्णनगर लगायत आसपासबाट आएका करिव ४५० जना विरामीहरुले आफ्नो स्वास्थ्य जाँच गराएको छन् ।


१ दिन संचालन हुने उक्त निःशुल्क स्वास्थ्य शिविरमा समान्य चिकित्सक, महिला रोग, हाडजोर्नी तथा नसारोग, बाल रोग, नाक कान घाँटी, रगत परिक्षण, (गतिचबकयगलम) परिक्षण, दाँत तथा गिजा रोग, इ.सी.जी, छाला तथा यौन रोग लगाएतको रोगहरुको निःशुल्क जाँच, परिक्षण तथा निःशुल्क औषधी वितरण समेत गरेकोट्रष्टका अध्यक्ष विश्वनाथ गोयलले बताए ।

यस शिविरमा उपस्थित भई नाम लेखाउनु



भएका तथा विभिन्न रोगहरुको जाँच गराउनु भएका विरामीहरुले भाद्र १७ गतेसम्म विभिन्न रोगको उपचारमा (ग्लष्खभचकर्बा ऋर्यभिनभ या :भमष्अर्बा क्अष्भलअभक) भैरहवाले विशेष छुट तथा सहुलियत दरमा विरामी उपचार समेत गर्ने ट्रष्टका अध्यक्ष गोयलले बताए ।

यस अघि समेत निःशुल्क स्वास्थ्य सिविर, राहात वितरण, शैक्षिक सामाग्री वितरण, बृक्षारोपण लगाएत विभिन्न सामाजिक कार्यहरु गर्दै आई रहेको स्व. बक्तावरीदेवी गोयल कल्याणकारी कोष गैरनाफामुलक सामाजिक संस्था हो ।



जनआकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- ३, २०८१ साल साउन २२ गते मंगलबार (Aug 6, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

# सम्पादकीय - - - -

## युवाहरुलाई देशमै रोजगार सिर्जना गर्ने योजना ल्याउन सरकार ।

नेपालमा युवा विद्यार्थीहरु कोही पढ्ने नाममा कोही रोजगारी गर्न भनेर दिनदिनै एयरपोर्टवाट लाईन बसेर विदेशिएको दृष्यले देशको आउदो भविष्य नकरात्क सुचकमा जादैछ भन्ने देखाउछ ।

देशलाइ यो विकराल अवस्थामा पुर्‍याउने काम यहि अहिले सरकारमा भएको नेपाली काँग्रेस र एमाले पार्टीले गरेका कियाकलापकै कारण भएको हो । त्यो गल्तीलाई आउदा दिनमा सुधार गरेर नेपालका युवाहरुलाई नेपालमा नै उद्योग, कलकारखाना खोल्ने वातावरण बनाईदिने, उद्यमी बनाउने नीति ल्याउन चायो भने सरकारले सक्छ ।

त्यो आट यो वर्तमान सरकारले गर्छ कि गर्दैन ? किनकी विगतमा पनि पटक पटक प्रधानमन्त्री भईसकेका पटक पटक मन्त्री भईसकेका मन्त्रीहरु नै अहिले पनि मन्त्री मण्डलमा छन् । विगतमा काँग्रेस एमाले कहिलेकाही मिलीभगतमा सहभागी भएको राप्रपा, नेकपा माओवादी, जसपा, राष्ट्रिय स्वतन्त्र पार्टी, लगायत पार्टीहरुले नेपालका युवाहरुलाई प्रोत्साहन गर्नुको साटो देश छोडेर जान बाध्य पार्ने काम गर्दै आएका छन् । त्यस्तै वातावरण आज पनि देशमा छ ।

यस्ता चलनलाई तोडेर देशमा काम गरेर खान्छु देश छोडेर जान्न, कुनै व्यवसाय गर्छु, व्यावसायिक कृषि गर्छु भन्ने युवाहरुलाई आकर्षण गर्ने नीति छिटो छरितो ढंगवाट ल्याएर नेपालमा सरकार छ । नेपालको सरकारले आफ्ना देशका युवाहरुलाई यति राम्रो योजना ल्याएर काम लगाउन थाल्यो नेपालीहरु हाम्रो देशमा आउनै छाडे भनेर विदेशीले समेत भन्ने सम्मको वातावरण सरकाले बनाउन सक्नुपर्छ ।

यस्तो काम गर्न सकेको खण्डमा नेपालका नेपालीहरुले मात्र होइन विश्वका मानव जातिको पक्षमा भएका न्याय समानताको लागि विकास र उन्नतिको लागि नेपालको कामना गर्ने सवै देशहरुले नेपाल देशको प्रशंसा गर्नेछन् ।

यस्ता महत्वपूर्ण काम गर्न छोडेर माफिया, तस्कर, कालोबजारी गर्ने, बजारको दलाली पुजीको एकद्वार प्रणालीको पक्षमा काम गर्ने र सधै सरकारमा जानलाइ चुनाव जित्नलाई अवैधानिक ढंगवाट रकम जम्मा गर्ने र गलत कार्य मात्र गरिरहने हो भने जनताले त माफी दिन सक्लान् इतिहासले दण्डित गरिरहने छ । त्यसकारण विगतमा आफैले विगारेको थिति आफैले सुधार गर्ने मौका वर्तमान सरकार लाई आएको छ ।

# दुई तिहाइको राजनीति



अच्युतप्रसाद पौडेल 'चिन्तन'

"नेपालको लोकतन्त्रले नयाँ अनुहारलाई पटक्कै सहेको छैन । उसले पुस्तान्तरण, हस्तान्तरण गर्न जानेको छैन । सातपल्टसम्म कार्यकारी प्रमुख रहन चाहेको छ । नयाँ पिँढीहरु असहृय भएर विदेश पलायन हुँदै गएका छन् । भर्खरै बिदा भएको आवमा साढे सात लाख नेपाली विदेशिएका छन् । यसलाई हाम्रो लोकतन्त्रले आफ्नो आदर्श मानेको छ । उनीहरुलाई फर्काउने योजना नै बनाउँदैन ।"

अघि-अधिसम्म तेस्रो पोजिसन आयो भने स्कुलमा थर्ड क्लासको हो यो भनिन्थ्यो । एसएलसीमा थर्ड, सेकेन्डमा परिएला भनेर स्कुलमा जहिले पनि फस्ट बेन्चमा बस्ने गरेको, नभन्दै लाजगाल फस्ट डिभिजन नै आएछ । तर पछि खर्चबर्चले धानेन र डाक्टर वा इन्जियर बनिएन। देशको पूर्वाधार कसले बिगारेको भन्ने प्रश्नमा अहिले भन्ने गरिन्छ- यो इन्जिनियरले बिगारेको तर पङ्क्तिकार यो विषयमा सहमत छैन। यो बिगारेको राजनीतिले हो। यसको ज्वलन्त प्रमाण त भर्खरै ओलीजीले संसद्मा दुई तिहाइको मत लिइरहँदा एक पूर्वमन्त्रीले परीक्षा नियन्त्रण कार्यालयमा बिचौलियालाई रु. ५ हजारको घूस खुवाएको वक्तव्य नै पर्याप्त छ।

बालकोटबाटै खुमल्टारमार्फत निर्देशित लोकतन्त्र अब सर्लक्कै बालकोटमै फिर्ता भएको छ। यसपछि बूढानीलकण्ठ सरुवा हुनेमा पनि लोकतन्त्र विश्वस्त भइसकेको छ। बालकोटले गएको चुनावमा सेकेन्ड डिभिजन हात लगाएको थियो र खुमल्टारले थर्ड डिभिजिन ल्याएको थियो। थर्ड डिभिजनमै सीमित रहेको लोकतन्त्र सेकेन्ड डिभिजनमा पुग्नु राम्रो कुरो हो, केही समयपछि नै हाम्रो लोकतन्त्र बूढानीलकण्ठको फस्ट डिभिजनमा सरुवा हुनेछ।

फस्ट डिभिजनमा हातेमालो गराउने काम थर्ड डिभिजनबाटै भएको हो गएको उनासीमा। लोकतन्त्रलाई परिचालन गराइरहँदा चुनावका बेला मात्र गठबन्धन बा समीकरण हुने, अरु बेला नहुने अन्तर्राष्ट्रिय मान्यता हाम्रो देशले बोक्न सकेको छैन। नयाँ बहानाबाजी आएको छ अहिले, संविधान संशोधन गर्न अहिलेको सत्ता समीकरण गरिएको रे ! नभन्दै श्रावण ६ गतेको प्रतिनिधिसभाबाट प्रधानमन्त्रीले दुई तिहाइको मत पाएका छन्। त्यसको परिणाम त न्यूरोडले स्पष्ट देखाएको छ । ओली समर्थित वडा अध्यक्षहरुलाई अलि सजिलो भएको छ, काठमाडौं महानगरमा एकजुट भएका छन् ती र सडकमै पाल हालेर कार्यालयको सेवा दिन थालेका छन्।

अदालतले पैदलमार्ग विस्तारमा लागेका बालेनको कामलाई अवरोध नगर्नू भनी दिएको आदेशविरुद्ध काठमाडौं महानगर फेरि एकपल्ट एमालेकरण हुँदै छ र बालेनको डोजर फिर्ता भएको छ। खुँडा, खुकुरी लिएर थापाथलीबाट निस्केको सुकुम्बासी भनिएकाहरुको भीडबाट पनि बालेनको डोजर यसअघि फिर्ता भएको थियो। यसै सन्दर्भमा अदालतले सुकुम्बासी पहिचान गरी अन्यत्र बसोबास गराउनू, नदीकिनारामा होइन भन्ने आदेश पनि अब के कसो होला ? कार्यान्वयनमा शंका नै छ।

त्यसो त अर्को समस्या नेसनल आईडीको गम्भीर छ अहिले, अदालतमा मुद्दा पनि परेको हो, यो वा त्यो बहानामा वृद्ध भत्ता नरोक्नू पनि भन्यो अदालतले, असारको अन्त्यतिर क्याबिनेट निर्णय भई पेन्सनधारी र वृद्ध भत्तामा यो आईडी नखोज्ने भन्ने निर्णय पनि भएको खबर बाहिर आयो। तर यो पङ्क्ति तयार गर्नु एकदिन अघिमात्र वृद्ध भत्ताका लागि आफन्तको नवीकरण गरिदिन वडा कार्यालयमा जाँदा काम भएन र नवीकरण फाराममा अनिवार्य नेसनल आईडी भनिएको रहेछ, फिर्ता भइयो। अब निवृत्तिभरण कार्यालयले हरेक बैंकलाई उर्दी जारी गर्दै श्रावणको पेन्सनकै लागि नेसनल आईडी, प्यान कार्ड अनेक पेपर अनिवार्य हुने भनेको सूचना आएको छ। सबैजसो पालिकाहरुमा हेर्दा बूढाबूढीहरु लखतरान परेर आईडीका लागि सुतेको, बसेको दृश्य देखिएको छ।

आम नागरिकलाई दुःख दिनु नै लोकतन्त्रको आदर्श भएको पङ्क्तिकारको ठम्याइ छ। हर्क, बालेन, हमालहरुले त दुःख पाएकै छन्। स्वतन्त्ररुपमा आएको रास्वपालाई जरैसमेत उखेल्ने प्रयत्न भएको छ, सहकारीमा अध्यक्ष, मानव बेचबिखनमा उपसभामुख, अनि ढाकारामदेखि मुकुलसम्मका घटनाहरु बर्बर्ती आइरहेको प्रसंग स्पष्टै छ। नेपालको लोकतन्त्रले नयाँ अनुहारलाई पटक्कै सहेको छैन। उसले पुस्तान्तरण, हस्तान्तरण गर्न जानेको छैन। सातपल्टसम्म कार्यकारी प्रमुख रहन चाहेको छ। नयाँ पिँढीहरु असहृय भएर विदेश पलायन हुँदै गएका छन्। भर्खरै बिदा भएको आवमा साढे सात लाख नेपाली विदेशिएका छन् । यसलाई हाम्रो लोकतन्त्रले आफ्नो आदर्श मानेको छ। उनीहरुलाई फर्काउने योजना नै बनाउँदैन ।

पहिले दुई तिहाइ पाउँदा लोकतन्त्र कोमामा पुगेर अदालतले फर्काइदिएको हो । त्यसो त १५ सालको चुनावदेखि नै देशलाई बहुमतको सरकार फापेको छैन । पछिल्लो समय ४८ सालको आमचुनावबाट पनि एनसीले बहुमत पाएको हो, ढल्यो । दलहरुले नातागोता, आफन्तबाहेक अरुलाई देख्ने गरेका छैनन् र सुशासनको पाठ पढ्न थालेपछि यसअघिको सरकार अनायासै ढलेको भनिन्छ । पढाउने यहाँ धेरै छन्, पढ्नेको कमी छ। पढ्न थालेको छनक ललितानिवास, गिरीबन्धु टी, बाँसबारीको जग्गा, बालमन्दिरका विषय उठ्न थालेपछि र भुटानी शरणार्थीको जरो पत्ता लाग्छ कि भनेपछि, आमजनता आशावादी भइरहँदा सरकार ढल्यो। अबको सरकारले सुशासनलाई फेरि पढाउन थालेको छ।

यस्तै प्रकृतिको यसअघिका सरकारहरुले सुशासनको सुगा रटाइ धेरै गरेका थिए पनि । दुई तिहाइमा निश्चय नै थप बल हुन्छ । त्यसको प्रयोग बालेनविरुद्ध मात्रै होइन अब एनईएतिर पनि भएको छ। लाइन काटिएको बिजुली तुरुन्तै जोड्न आदेश जारी भइसकेको छ। अब कुलमानले राजीनामा दिनु उत्तम विकल्प भइसकेको अवस्था छ। लाइन जोड्यो भने ट्रेड युनियनले आन्दोलन शुरु गर्ने भनिसकेको छ।

कुलमान दुईतिरको चेपुवामा परेका छन्। यिनले लोडसेडिङ कम गरे पनि न्यूनतम महसुल भनी छुट्टै बिलिङ गर्न थालेको धेरै वर्ष भइसकेको छ । एक साताभित्र महसुल तिरेमा दिइने गरिएको ३ प्रतशतको रिवेट २ प्रतिशतमा झारेका र भुटानभन्दा महँगो बिजुली महसुलको मार नेपालीले खेपिरहेका छन् । अहिले जुन दरमा बिजुली निर्यात भएको छ, त्यो भन्दा बढी दरले स्वदेशी उपभोक्ताहरुले प्रयोग गरिराखेका छन् । स्वदेशी उत्पादन भए २० प्रतिशतसम्म महँगो भए पनि यहाँकै उत्पादन प्रयोग गर्नु भन्ने नारा छ देशको ।

अहिले संविधान संशोधनको मुद्दा अघि सारेर जनतालाई झुक्याइएको छ । संविधान संशोधन केहीबेरमै हुने कुरो होइन । देशमा वैदिक सनातनीहरुको संख्या ओमकार परिवारको ९४ प्रतिशत भइरहँदा संविधानमा त्यो धर्म निरपेक्षको संशोधन पहिले हुनुपर्ने थियो। तर एजेन्डा छैन, ओलीले शपथ लिँदा पहिले त्यो पर्दैन भन्थे भने अहिले राष्ट्रप्रमुखले पढाएको ईश्वरको नाममा भन्ने शब्द उनले पढेनन्। यसबाट स्पष्ट हुन्छ, हाम्रो लोकतन्त्र अभिभावकबाट पनि धेरै टाढा भइसकेको छ।

बोझिलो प्रदेश सधैँ सरकार बनाउने र ढाल्ने मात्र काम हो उसको, किन आवश्यक पर्‍यो ? अनि आरक्षणभन्दा प्रतिस्पर्धा नै राम्रो हो। यसमा संशोधन गर्ने विषयमा ध्यान गएको छैन। आरक्षणका नाममा पनि राष्ट्रिय स्तरका भाउजूहरुको प्रतिनिधित्व भइराखेको छ र पकेटबाट नियुक्ति हुने परम्परा तोडिएको छैन, बरु बढेको छ। शिक्षा, स्वास्थ्य निःशुल्क गराउने विषय आएको छैन। संविधानले जे मौलिक हकमा बोलेको छ, त्यो कार्यान्वयन भएको छैन।

अब कस्तो संशोधनको कुरो हो ? आम सर्वसाधारणले बुझ्न सकेका छैनन् । दुई वर्ष वृद्धहरुले शासन गरेपछि फस्ट ब्वाईलाई हस्तान्तरणको नियतभन्दा बढी केही देखिएको छैन । दुईवटा गाडी नदी स्नान गर्न गए भने फर्काउन विदेशी आउनुपर्ने भूगोल बोकेको, डेढ लाख वर्गकिमि भूगोल, त्यो अति असहज र जनता डेढ करोड पनि नबस्ने देशमा आएको संघीयता विदेशी ऋणमै पालिएको छ। भर्खरै एक वर्षको ऋण सावाँ-ब्याज भुक्तानीमा ३ खर्ब खर्चिएको र एक नेपाली जन्मदै ८४ हजार ऋण बोक्ने भइसकेका छन्। जीडीपीको ४० प्रतिशत ऋण नाघिसकेको छ, ४० प्रतिशत नाघ्नु भनेको संकटको घडी हो भनिँदै छ। चालू खर्च धान्न नसक्ने भइसकेको र विकास खर्च आधा पनि नभएको अवस्था छ। भएको पनि असारे र डोजरे भएको कुरा आम भूगोल अहिले पग्लिरहेको र यही वर्षाले पनि सयौँ नेपालीलाई स्वाहा गरिसकेकोबाट स्पष्ट हुन्छ ।

फ्रान्सका प्रधानमन्त्रीको उमेर ३४ वर्षको छ । एन्डोरा र आयरल्यान्डका ४४ वर्षका, भुटानी राजा ४३ वर्षका छन् । उत्तर कोरियाका कार्यकारी ४० वर्षका अनि हामीले बिदा नै दिएर गोडा ढोगेका कतारी राजा ४३ वर्षका छन् । हाम्रो लोकतन्त्रले पालेको ११९ दलमध्ये १४ बढी सक्रिय छन् । ती १४ मा ९ दलका नेताहरु वृद्ध भत्ताका लागि योग्य छन्, मात्रै होइन, कोही त ८० उमेर पुगेका छन् । चारवटा किड्नी लिएका ओली देशको अवस्था ठीक छैन बदल्नु पर्छ भन्छन्।

आफैँले बनाएको संविधानमा उनलाई विश्वास छैन । अबको अवस्था बदल्नु भनेको योभन्दा हरिबिजोक हुने त होला। अवस्था बदल्न त मेसिनरी बदल्नुपर्‍यो नि। उही मेसिनरी सबै खिया लागिसकेको छ, अब बदल्नु भनेको आर्यघाटतिरको त होला। विश्व स्वास्थ्य संगठनले ६० वर्ष उमेरपछि कतिपयलाई मनोवैज्ञानिक समस्या हुन्छ भनेको छ, स्मरण शक्ति हुन्न भनेको छ, निर्णयक्षमतामा कमी भनेको छ। निसेनिले ५८ वर्षमा सरकारी जागिरबाट बिदा गराउँछ, न्यायालयमा ६५ र शिक्षामा ६३ छ अनि ज्याद्रो राजनीति जसले देश बोकिरहन्छ, उसले उमेरको ख्याल नगर्ने भएपछि देशको अवस्था यहाँभन्दा पनि गएगुज्रेको हुनु स्वाभाविक हो। पछिल्लो उदाहरण त बालेन, हर्कहरुको ताडना नै पर्याप्त छ।

यो भन्दा राम्रो हाम्रो लोकतन्त्रलाई पजेरो र हेलिकोप्टरमा हिँडाउने, गुडाउने, उडाउने होइन, नेपालीको स्तरअनुसार साइकलमा गुडाउँदा राम्रो हुन्छ । त्यसो भए सबैतिर संघीयता र गणतन्त्रको अनि लोकतन्त्रकै अनुहार सबैले देख्न सक्ने हुन्छन् । अहिले नेपालीहरुले यसको अनुहार देखेका छैनन् र लाभ पनि केही पाएका छैनन् । र त निराश भई रोजगारी बा प्लस् टु भन्दै देश छोड्दै छन् । अब कथित नेसनल आईडीमा पुनर्विचार नगर्ने हो भने अरु बाँकीहरु पनि यहाँ देखिने छैनन् ।

# १५ वर्षको उमेरमै दुई सय गीत रेकर्ड गर्न सफल पूजा देवकोटा



*१५ वर्षको उमेरमै दुई सय गीत गाउन सफल पूजा*

*काठमाडौं- १५ वर्षको उमेरमानै दुई सय वटा भन्दा बढि गीत रेकर्ड गर्न सफल भएकी चर्चित बाल गायिका पूजा देवकोटा गीत सङ्गीत क्षेत्रकी एक उदाहरणीय व्यक्ति हुन् उनले गायका हरेक गीतहरू निकै चर्चामा आउने गरेका छन् । उनको आवाजको सबैले खुलेर प्रसंसा गर्ने गर्छन् । विगत केही वर्षअघि सामाजिक सञ्जालबाट भाइरल भएर गीत सङ्गीत क्षेत्रमा पाइला टेकेकी पूजा यति बेला नेपालको उत्कृष्ट बाल गायिकाको रूपमा चिनिन्छिन् । उनेले गाएका दर्जनौं गीतहरू निकै लोकप्रिय छन् जस्तै 'सराङ्गकोटको डाँडैमा', 'हेल्लो सानी', 'बुबा मेरो भगवान', 'कुटु कुटु मुटु खायो तिम्रै मायाले', 'हर युग होस', 'पानी कुवाको', 'जिन्दगी धराप', 'प्राण बाकी छ', 'मैले मात्र सम्झेर', 'के होला जिन्दगी', लगायत दर्जनौं गीत युट्युबको ट्रेन्डिङमा पर्न सफल भएकाछन भने, कति गीतले इतिहास समेत रचेका छन् ।*

*बोलीमा मिठास आवाजमा जादु, कम बोल्ने धेरै बुझ्ने, सादा जीवनमा रमाउन चाहने पुजालाई यति बेला गीत रेकर्ड र मेला महोत्सवमा भ्याइ, नभ्याई छ । उनै लोकप्रिय बाल गायिका पूजा देवकोटासँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेको कुराकानीलाई हामीले यस अंकमा यसरी प्रस्तुत गरेका छौं ।*

**आज भोलि केमा व्यस्त हुनुहुन्छ ?**

तिज पनि नजिकिँदै छ, तिज गीतको रेकर्डिङमा नै व्यस्त छु । पढाइले गर्दा मेला महोत्सवमा टाइम दिन सकेको छैन् । परीक्षा पनि नजिकिँदै छ पढाई र रेकर्डिङ तिर नै व्यस्त छु ।

**फुर्सदको समयमा के गर्नुहुन्छ ?**

फुर्सदको समयमा गीत गाउँछु , गीत सुन्छु, अन्य क्रियाकलापहरु गर्छु । बाहिर हिढ्न र डुल्न त्यति मन लाग्दैन घरमै बस्छु घरकै कामहरू गर्छु । फुर्सदको बेला रेकडिङमा बोलाउनु हुन्छु । त्यता तिरा जान्छु ।

**तपाईको साङ्गीतिक बजारमा कति गीत छन् ?**

मेरो साङ्गीतिक बजारमा दुई सय भन्दा बढि गीतहरु छन् पछिल्लो समय तिज गीतहरू पनि आइरहेका छन् । मेरो धेरै जसो गीत आधुनिक र लोक छन् ।

**एकपछि आर्को गीत चर्चामा आउादा, पूजा देवकोटा नामले सबैलाई चिनाउन पाउादा कतिको खुसी हुनुहुन्छ ?**

एकदमै खुसी छु यो सफलता मिल्छ भनेर मैले कल्पना समेत गरेको थिइन् छोटो समयमै पूजा देवकोटा नामले सबैलाई चिनाउन सफल भए । यो सफलताले मलाई गीत सङ्गीत क्षेत्रमा धेरै मेहनत गर्ने हौसाला मिलेको छ । सधैंभरि यसरी नै सबैले माया गर्नुहुन्छ भन्ने अपेक्षा राखेको छु ।

**गीत सङ्गीत क्षेत्रको भविष्य कस्तो छ जस्तो लाग्छ ?**

गीत सङ्गीत क्षेत्रको भविष्य राम्रो छ जस्तो लाग्छ अझै गीत सङ्गीतको बारेमा धेरै बुझ्न र जान्न बाकी नै छ । मैले अहिलेसम्म सङ्गीत सिकेको छैन् । म चाहि गीत सङ्गीतमा राम्रो नै भविष्य देख्छु । अब गर्दै जाने हो यो यात्रा कहाँ सम्म हुन्छ । हेरौं ।

**पढाइले गर्दा भनेको बेला रेकर्डिङ र मेला महेत्सवमा समय दिन नपाउादा कतिको दुख लाग्छ ?**

लाग्छ कोहिबेला त कति धेरै गीत रेकर्डको अवसरहरू, स्टेज प्रोग्रामका अवसरहरू आउँछन् त्यही बेला परिक्षा पर्छ अनि त्यो अवसरलाई त्याग गर्नुपर्छ । कोही बेला त छिटै पढाइ सकेर गीत सङ्गीतलाई निरन्तरता दिऊ की जस्तो लाग्छ । समय मिलाएर शनिबार अथवा बेलुकाको समयमा गीत रेकर्ड गरिराखेको छु । फी भएर फुल्ली टाइम गीत सङ्गीतलाई दिन पाएको छैन दुख लाग्छ कुनैवेला ।

**तपाईको बाल्यकाल कसरी बित्यो यो गीत सङ्गीत क्षेत्रमा रूचि कसरी आयो ?**

मेरो बाल्यकाल गाउँघरमै बित्यो सानैदेखि गीत गाउँथे तर गाइका बन्छु भन्ने सोचेको थिइन् वास्तवमा भन्ने हो भने गायक गायिका भन्ने के हो त्यो नै थाहा थिएन । म गीत गाई रहन्थे मेरो हजुर आमाले चाही गाली गर्नुहुन्थ्यो गीत गाउँदा । तर माया पनि गर्नुहुन्थ्यो । त्यसरी नै मेरो बाल्यकाल रमाइलो तरिकाले बित्यो ।

एउटा प्रोग्राममा मैलै एउटा गीत गाएको थिए गाउँको दादाले मैले गीत गाएको भिडियो फेसबुकमा लाइभ गर्नुभएको रहेछ त्यो गीत भाइरल भएर मिडियाकर्मीले मेरो आवाजलाई सबै सामु पुऱ्यादिनु भयो । अनि मेरो गायन यात्रा सुरु भयो ।

**जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम कतिको हेर्ने गर्नुहुन्थ्यो ?**

पहिला चाहि थाहा थियन जन आकाश मिडियाको सङ्गीत खबर कार्यक्रम छ भनेर । तर केही महिनादेखि लगातार हेर्न लागे एकदमै मन पर्छ । नव प्रतिभाको प्रतिभा र अग्रजको सल्लाह सुझावहरु लिइ राखेको हुन्छु । म अहिले निरन्तर रूपमा हेर्ने गर्छु ।

भन्दै जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रमा बाल गायिका पूजा देवकोटा बताउछिन् ।

# गीत संगीतका अधुरा सपना पुरा गर्दै भिमा कार्की

काठमाडौं- धादिङको बिकट ठाउँमा जन्म भई सानैदेखि गीत संगीतमा रुची भएकी भिमा कार्की यति बेला काठमाडौंमा गीत संगीतका अधुरा सपना पुरा गर्दैछिन् । रोजिरोटीको लागि दोहोरी साझमा काम गर्दै गीत रेकर्ड गर्ने पैशा जम्मा पार्दै छिन् । मनभरी गायिका बन्ने सपनामा भौतारिएकी नव गायिका भिमा कार्की अवसरको खोजिमा आफ्नो प्रतिभा बोकेर जन आकाश मिडियासम्म आइपुगेकी छिन् ।

सानै उमेरमा आगोले डढेर जीवन र मृत्युको मुखबाट बचेकी भिमा कार्की केही समयअघि बिभिन्न मिडियामा अन्तर्वार्ता समेत दिदै आएकी थिइन् । उनको आवाज धेरै दर्शकले मन पराए पनि उनले गीत गाउने अवसर भने पाइनन् । मिडियाबाट पनि अवसर नपाएपछि आफ्नो लागि आफै केही गर्छु भनेर दोहोरी साझमा काम गर्न थालिन् । दोहोरीमा काम गर्दा उनले थुप्रै उतार चडाव भोग्नु पऱ्यो राम्रो दोहोरी गाउन नआउने, राम्रो बाध्यवादन बजाउन नआउने, रुप हेरेर दोहोरीमा काम लगाउने, अनुहारमा आगोले पोलेका दाग भएकाले धेरै दोहोरीबाट फयालिन पुगिन । तर उनको संर्घष भने निरन्तर रह्यो । राम्रो दोहोरी गाउन र बजाउन सिकेर दोहोरी तिर नै लागिन् अहिले चर्चित लोकदोहोरी गायिका जेरी बानियाको दोहोरीमा काम गर्दैछिन ।

कसैको साथ सपोट नपाएकी सबैबाट धोका पाएकी भिमा कार्की जीवनमा धेरै संघर्ष गरेको बताउछिन । काठमाडौं आउदा २० रुपैया पैशा बाबाले दिएर काठमाडौ आएको आफ्नो भोक मेटनको लागि त्यो २० रुपैया पैशाले चाउचाउ किनेर खाएको, अहिले जन्म दिने बाबा संसारबाट टाढा रहेको, त्यो बाबाले दिएको २० रुपैया पैशा जोगायर राखेको भए बाबाको चिनो रहने सधै भरी



याद आउने बताउँछिन् ।

रंगीन सपना मनमा सजायर सागीतिक जीवनमा पाइला चालेकी भिमा कार्की एकन एकदिन गीत संगीतमा लागेर गीत संगीतमा भबिष्य छैन् भन्नेहरुको लागि भबिष्य बनाएर देखाउने बताउछिन् ।

जमाना परिर्वतन भएर आधुनिक, पप, ऱ्याप गीत सुन्ने चलन आए पनि आफुलाई पुरानै शैलीका गीत, पुरानै भाका, पुरानै गायक मन पर्ने जन आकाश मिडियाका सवावदाता बिनोद कार्कीसँग भिमा कार्की बताउछिन् ।

# रामेछाप डायरी

## शान्ति माया सुनुवारले ७६ वर्षको उमेरमा नागरिकता पाइन्

रामेछापको उमाकुण्ड गाउँपालिका-७ भुजीकी शान्ति माया सुनुवारले ७६ वर्षको उमेरमा नेपाली नागरीकता पाउनुभएको छ । २००५ सालमा जन्मनुभएकी सुनुवारले बिहीबार जिल्ला प्रशासन कार्यालय रामेछापबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभएको हो ।

साबिकको भुजी गाउँ विकास समितिको वडा नं ७ की सुनुवारले नागरिकताका लागि यस अघि पनि प्रयास गर्नुभएको थियो । तर सनाखतमा तिन पुस्ते कोही जिम्मेवारी नभएपछि सुनुवार ७६ वर्षसम्म नागरिकता विहीन हुनुहुन्थ्यो ।

यो विषयमा जानकारी भएपछि उमाकुण्ड गाउँपालिका-७ भुजीका वडा अध्यक्ष रुद्रमणि नेवार र कार्यपालिका सदस्य मनिता सुनुवारको पहलमा बिहीबार सुनुवारले जिल्ला प्रशासन कार्यालय रामेछापबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभएको छ ।

शान्ति मायासँगै साबिक भुजी गाउँ विकास समितिका ३० वर्षका धनराज सुनुवारले पनि नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्नुभएको



छ । उहाँले पनि तीन पुस्ते सनाखत नभएकै कारण नागरिकता पाउनुभएको थिएन ।

दुवै जनाको सनाखतमा वडा अध्यक्ष नेवार र कार्यपालिका सदस्य मनिता सुनुवार बसेपछि उहाँहरुले नागरिकता प्राप्त गर्नुभएको हो ।

## सेलेघाट-रामेछाप-साँघुटार सडक आयोजनाको लापर्वाहीले करोडौँको खेत बगायो



रामेछापको मन्थली नगरपालिका-६ सेलेघाटदेखि रामेछाप बजार हुँदै साँघुटारसम्म गरी करिब ५० किलोमिटर दुरीमा रहेको निर्माणाधीन सेलेघाट-रामेछाप-साँघुटार सडक आयोजनको लापर्वाहीले करोडौँको धान खेत बगाएको छ ।

रामेछाप नगरपालिका वडा नं २ र ३ को सिमाना भएर बग्ने खोलालाई नै थुनेर आयोजनाले माटो थुपारिदिँदा खोलाले माटो सहितको लेदो बगाउँदा धान खेत नै बगाएको हो । कलचुँडे खोला, देवीथान खोला, जयमुन्दे खोला र सिम्ले खोलाले किसानको धान खेत बगाएको हो ।

वडा नं ३ का दिपेन्द्र श्रेष्ठले सडक आयोजना र निर्माण कम्पनीले खोला नै थुनेर खोला बग्ने खोल्सामा माटो जम्मा गरिँदिदा यो अवस्था आएको बताउनुभयो । धेरै किसानको खेत माटोले पुर्ने,बगाउने गरेको बताउँदै उहाँले लगभग ५ सय रोपनी धान फल्ने खेत खोलाले बगाएको बताउनुभयो ।

वडा नं ३ कै गोविन्द श्रेष्ठले सडक आयोजनाले किसानलाई क्षतिपूर्ती दिनुपर्ने बताउनुभयो । आयोजनाको लापर्वाहीकै कारण यो अवस्था आएको भन्दै उहाँले क्षतिपूर्ती नपाए आन्दोलनमा उत्रने चेतावनी समेत दिनुभयो ।

वडा नं ३ का वडाअध्यक्ष दल बहादुर प्रधानले अविरल वर्षाले किसानको धान फल्ने खेत नै बगाएको बताउनुभयो । सेलेघाट-रामेछाप-साँघुटार सडक आयोजनको लापर्वाहीको कारणले करडौं मुल्यपर्ने धान खेत बगाएको उहाँले बताउनुभयो ।

आफुहरुले ईन्जिनियरको टोली नै ल्याएर अनुगमन गराएको र आयोजनालाई पत्र समेत पठाएको भन्दै उहाँले निरन्तरको अविरल वर्षाले झनै बढी समस्या उत्पन्न गराएको बताउनुभयो । आयोजनालाई केही वर्ष अघिदेखी बारम्बार ध्यानाकर्षण गराएको भएपनि केही काम नभएको उहाँको भनाई छ ।

आयोजनाका स्थानिय ठेकेदार जनक खड्काले क्षतिको सबै विवरण आयोजनालाई पठाइसकेको बताउनुभयो । आयोजनाबाट भने कुनै प्रतिक्रिया नआएको उहाँको भनाई छ ।

**यात्री र यातायात साधनलाई पनि सास्ती**

सडकको काम निर्माण व्यवसायीले अलपत्र पारेपछि सो सडकमा गुड्ने यात्री र यातायात साधनले सास्ती खेप्नु परेको छ ।

हिउँदको सयमा धुलो र वर्षातको समयमा सडक हिलाम्मे हुँदा रामेछाप र ओखलढुङ्गाको लिखु क्षेत्रबाट काठमाडौं आउजाउ गर्ने यातायात साधन जोखिममा पर्ने गरेका छन । ठाउँ ठाउँमा पहिरो झरेर बाटो बन्द हुँदा यात्रामा समेत कठिनाई हुने गरेको यात्रीहरुको गुनासो छ ।

भारतीय एक्जिम बैङ्क मार्फत बन्ने सो सडक निर्माणको जिम्मा भारतीय निर्माण कम्पनी टेलिकम्युनिकेसन इन्डिया लिमिटेड (टीसीआईएल)ले पाएको छ । सो कम्पनीले नेपाली निर्माण व्यवसायीलाई काम जिम्मा दिएको छ ।

सन् २०२० को नोभेम्बर ११ मा सुरु भएको आयोजना २०२३ को मे १० भित्र कूल १ अर्ब ९४ करोड ७१ लाख रुपैयाँमा सक्नुपर्ने गरी सम्झौता भएको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि निर्माण कम्पनीले बारम्बार म्याद थप्दै लगेको छ । नेपाल सरकारले मुआब्जा वितरण नगर्दा काम समयमै सम्पन्न हुन नसकेको आयोजनाले बताउँदै आएको छ ।

कर्पोरेट

# “आइएमई पे” मा पैसा पठाउँदा रु एक हजार सम्म क्यास ब्याक

काठमाडौं- नेपालको पहिलो डिजिटल वालेट आइएमई पे ले विदेशबाट पठाएको रकम आइएमई पे वालेटमा प्राप्त गर्दा ग्राहकहरुलाई रु एक हजार सम्म क्यास ब्याक प्रदान गर्ने अफर सार्बजनिक गरेको छ ।

अफर अन्तर्गत सेवाग्राहीहरुले विदेशबाट आइएमई पे वालेटमा पठाएको पैसा आइएमई पे एप प्रयोगकर्ताहरूले जुनसुकै समयमा नेपालमा प्राप्त गर्दा रु एक हजार सम्म क्यास ब्याक प्राप्त गर्न सक्नेछन् ।

यथावत रहिरहेको आइएमई गरौं,करोडपति बनौं योजनालाई थप परिस्कृत गर्दै बम्परमा एक करोड र हरेक महिना एक लाख बाहेक अब हरेक कारोबारमा समेत क्यास ब्याक अफर सार्बजनिक गरिएको छ ।

सेवाग्राहीहरुको उत्साह तथा हितको लागि बेला बेलामा विभिन्न अफर सार्बजनिक गर्दै आएको आइएमई पे ले यस अघिको योजनामा प्रयोगकर्ताहरुको उल्लासमय सहभागिता र ग्राहक वर्गको अनुरोधलाई ध्यानमा राखेर यो योजना सार्बजनिक गरिएको बताइएको छ ।




आइएमई पे वालेटमा प्राप्त गरेको रकममा ब्याज प्राप्त गर्नुको साथै ग्राहकवर्गले जुनसुकै समयमा घरै बसेर सजिलै घरायसी बिल भुक्तानी गर्न , फ्लाइट टिकट खरिद गर्न , मोबाइल रिचार्ज गर्न साथै सबै प्रकारको बीमा नविकरण तथा थुप्रै सेवाहरुको सहजै भुक्तानी गर्न सक्नेछन् र आफ्नो वालेटमा रहेको रकम आवश्यकता अनुसार बैंक खातामा समेत पठाउन सक्नेछन् ।

# सिमेन्ट उद्योग संघमा नयाँ कार्यसमिति




काठमाडौं- नेपाल सिमेन्ट उत्पादक संघको अध्यक्षमा रघु नन्दन मारु सर्वसम्मत चयन भएका छन् । शनिबार सम्पन्न संघको २०औं साधारण सभाले मारुको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । कार्यसमितिको कार्यकाल तीन वर्षको हुने छ ।

संघको उपाध्यक्षमा डा. ताराप्रसाद पोखरेल र विकास दुगड चयन भएका छन् । यस्तै, महासचिवमा राजाराम खड्का, कोषाध्यक्षमा अरुणकुमार कर्ण सर्वसम्मत भएका छन् ।

संघको सदस्यहरूमा निपेश तायल, शोभाकर न्यौपाने, तेन्जिङ लाक्देन तामाङ, आदित्य संघई, विष्णु अग्रवाल, नन्दी केशर पौडेल, केशव प्रसाद उप्रेती, हुवांग सी जुंग र अनिल रुगंटा सर्वसम्मत भएका छन् । राजन कुमार झा संघको आमन्त्रित सदस्यमा सर्वसम्मत भएका छन् ।

यस्तै संघको सल्लाहकारमा पुरुषोत्तम लाल संघई, पशुपति मुरारका र साहिल अग्रवाललाई मनोनीत गरिएको छ । नवनिर्वाचित अध्यक्ष मारुले सिमेन्ट उद्योगमा देखिएका समस्या समाधानका लागि सबै पक्षलाई साथमा लिएर अघि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

चुनढुङ्गा उत्खनन्, विद्युत्, बैंकिङलगायतका समस्या समाधानका लागि सबैलाई साथमा लिएर अघि बढ्ने प्रतिबद्धता उनले जनाएका छन् ।

# नेपाल मेडिकल कलेजमा सप्ताहव्यापी विश्व स्तनपान कार्यक्रम सुरू

काठमाडौं- विश्व स्तनपान सप्ताहको अवसरमा नेपाल मेडिकल कलेज (एनएमसी) मा स्तनपान सप्ताह सुरु गरिएको छ । आजबाट एक हप्तासम्म नेपाल मेडिकल कलेजमा स्तनपान सम्बन्धी सचेतना दिइनेछ ।

शिशु जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराउनु पर्ने र बच्चा दुई वर्षको हुन्जेलसम्म स्तनपान गराईरहनु पर्ने चिकित्सकहरुको भनाई छ ।

कलेजका प्रबन्ध निर्देशक प्रा.डा. जैनुद्दिन अन्सारीले आमा र बच्चा दुवैको लागि स्तनपान जरुरी रहेकोले आम सर्वसाधारणलाई सचेत गराउन कार्यक्रम गरिएको जानकारी दिए । विश्व स्तनपान सप्ताहको उद्धाटनमा प्रा. डा.अन्सारीसँगै कलेजका हस्पिटल डाइरेक्टर प्रा.डा. मोदनाथ मरहट्ठा, स्त्री तथा प्रसुति रोग विभागकी प्रमुख डा. रिता मरहट्ठा, बालरोग विभागकी प्रमुख डा. सविना श्रेष्ठ, मेट्रोन नविना सिंह, लगायत विभागीय प्रमुख, नर्स तथा विद्यार्थीहरुको सहभागीता रहेको थियो ।



सप्ताहब्यापी कार्यक्रममा नवजात शिशुलाई किन आमाको दुधमात्र खुवाउनु पर्छ । स्तनपानले आमा र शिशुको स्वास्थ्यमा कस्तो फाइदा गर्दछ रु नियमित स्तननपान नगराउँदाका वेफाइदाहरु केके हुन् लगायत बारे जानकारी दिइने छ ।

कलेजले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका विभिन्न स्वास्थ्य दिवस र अवसरहरुमा नियमित रुपमा सचेतनाका कार्यक्रम गर्दै आइरहेको छ । विरगञ्जका प्रख्यात सर्जन प्रा.डा. जैनुद्दिन अन्सारीले कलेजको बागडोर सम्हालेसँग कलेजको स्वास्थ्य सेवा र व्यवस्थापन प्रभावकारी रुपमा सुधारिएको छ ।

# नेशनल लाईफको गाला कन्सर्ट भव्य रूपमा सम्पन्न



काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले २०८१ जेठ महिनामा जारी गरेको मासिक योजना अनूरुप उत्कृष्ट कार्य गरी तोकिएको लक्ष्य पुरा गर्न सफल अभिकर्ताहरु सहित कम्पनीका उप प्रमुख कार्यकारी अधिकृत, विभागिय प्रमुखहरु र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी करिब ३०० जनाको उपस्थितीमा काठमाण्डौको सोल्टी होटलमा नेशनल लाईफ गाला कन्सर्ट सम्पन्न गरेको छ ।

कन्सर्टमा स्ट्याण्ड अप कमेडीका लागि चर्चित कलाकार सन्दिप क्षेत्रीको प्रहसन सहित नेपालका चर्चित कलाकारहरु प्रमोद खरेल, मेलिना राई र हेमन्त शर्मा को बेजोड सांगितिक प्रस्तुती रहेको थियो भने चर्चित डि.जे. डिजे नानीको प्रस्तुतीमा उपस्थित अभिककर्ताहरुले भरपुर मनोरञ्जन लिएका थिए ।

भव्य रुपमा आयोजना गरिएको उक्त गाला कन्सर्टमा कम्पनीका उप कार्यकारी अधिकृतले नेशनल लाईफले सदा झैं अभिकर्ताहरुको चाहानालाई मध्येनजर गर्दै विभिन्न योजनाहरु ल्याउने क्रममा गाला कन्सर्टको अवधारणा ल्याइएको र यस योजनालाई देशै भरीका अभिकर्ताहरुले उत्साहका साथ मनन गरेको हुनाले नै योजना सफल भएको बताउनु हुँदै अभिकर्ताहरुको उत्साहजनक उपस्थितीले कार्यक्रम भव्य रुपमा सम्पन्न भएको पनि बताए ।

बैंक वित्त

# झापाको दुर्गापुरमा प्रभु बैंकको शाखा सञ्चालन

काठमाडौं- झापाको कनकाई नगरपालिका-७ मा प्रभु बैंकको दुर्गापुर शाखा सञ्चालनमा आएको छ ।

दुर्गापुरमा झापाको पाँचौं र देशभरको ३१४ औं शाखाको सञ्चालनमा आएको हो । बैंकका सञ्चालक समिति अध्यक्ष लीलाप्रकाश सिटौलाले शाखाको बिहीबार उद्घाटन गरेकाछन् ।

कार्यक्रममा विशेष अतिथि कनकाई नगरपालिका नगर उपप्रमुख आशा शर्मा शिवाकोटी, कनकाई-७ का वडाध्यक्ष भिष्मभूषण सिटौला, कनकाई-८ का वडाध्यक्ष लीलाबहादुर कटुवाल, कोटीहवन धार्मिक विकास संस्थाका अध्यक्ष शेरबहादुर थापा लगायतले सफलताको शुभकामना व्यक्त गर्दै दुर्गापुर शाखाले त्यहाँको जनजीविका उकास्नु मद्दत मिल्ने विश्वास व्यक्त गरे । बैंकका कोशी प्रदेश प्रमुख अधिकृत बद्रीकुमार कटुवालले यस क्षेत्रको आर्थिक चलायमान बनाउन बैंक शाखा सञ्चालनमा आएको बताए ।



त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै “बैंक अफ द इयर २०२३” को उपाधिबाट सम्मानित प्रभु बैंकले नेपालभर ३१४ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको छ ।

अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको प्रभु बैंक छोटो समयको अन्तरालमानै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट समेत सम्मानित भएको छ ।

# नेपाल एसबिआई बैंकद्धारा बागलुङमा शाखा स्थानान्तरण

काठमाडौं- नेपाल एसबिआई बैंक लि. ले बाग्लुङ नगरपालिका स्थित कालिका भगवती मन्दिरलाई सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत तिर्थालुहरुको सहजताका लागी आर्थिक सहयोग गरेको छ ।

कार्यक्रममा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपक कुमार देले कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष, कुमार खड्कालाई औपचारिक रुपमा सहयोग रकम हस्तान्तरण गरेका थिए ।



उक्त कार्यक्रममा बैंकका नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमूख वित्तिय अधिकृत, राजेश कूमार पंडा, प्रमूख संचालन अधिकृत, यादवेंद्र कांत, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत, रितेश अर्याल र बैंक तथा समितिका अन्य वरिष्ठ पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो । बैंकले समुदाय स्तरमा संस्कृति तथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गतिविधिहरु गर्दै आइरहेको छ ।

साथै, नेपाल एसबिआई बैंकले आफ्नो बागलुङ नगरपालिका-०२, लालिगुराँस चोक, बागलुङ बजारमा अवस्थित बागलुङ शाखा सोही नगरपालिकाको वडा नं-०३ स्थित हलन चोकमा स्थानान्तरण गरेको छ ।

त्यसैगरी, बैंकले आफ्नो पोखरा महानगरपालिका-०८ सभागृह चोकमा अवस्थित सृजनाचोक शाखा सोही स्थानमा रहेको नयाँ परिसरमा स्थानान्तरण गरी दुबै शाखाले नयाँ परिसरबाट सेवा सुभारम्भ गरेका छन् । यसबाट ग्राहकलाई थप सुबिधा सहितको बैंकिङ सेवा उपलब्ध हुने अपेक्षा बैंकले राखेको छ ।

हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ ।

# महालक्ष्मी विकास बैंकले ९.९९ प्रतिशतमै कर्जा प्रदान गर्ने

काठमाडौं- महालक्ष्मी विकास बैंकले कर्जा ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी घर कर्जा, महालक्ष्मी व्यवसायिक कर्जा, महालक्ष्मी सवारी कर्जा (व्यक्तिगत) तथा महालक्ष्मी हरित कर्जा एकल अंकको ब्याजदर (९.९९ प्रतिशतमा) नै कर्जा प्रदान गर्ने भएको छ ।

महालक्ष्मी घर कर्जा अन्तर्गत आवासीय व्यापारिक घर जग्गा खरिद गर्न, घर निर्माण गर्न, अर्पाटमेन्ट खरिद गर्न, घर थप पुर्न निर्माणमर्मत सम्भार गर्न न्यूनतम २ वर्ष देखी अधिकतम ३० वर्ष अवधी रहने गरी रु. ५ करोड सम्मको कर्जा प्रदान गर्नेछ ।

साना तथा मझौला व्यवसायीहरुको कर्जामा कम ब्याजदरको अपेक्षा तथा मागलाई सम्बोधन गर्न १ वर्ष देखी १५ वर्षको अवधी सम्मको लागि व्यवसायिक कर्जा प्रदान गर्नेछ ।

विद्युतीय सवारीको बढ्दो मागलाई लक्षित गर्दै भ्याट बिल वा कोटेशन मुल्यको ८० प्रतिशत जुन कम हुन्छ, सो बराबरको कर्जा प्रदान गर्नेछ । ग्राहकले यस अन्तर्गत रु. ३ करोड सम्मको कर्जा लिन सक्नेछ्न । विद्युतीय सवारी बाहेकको अन्य सवारीमा कोटेशन मुल्यको५० प्रतिशत सम्म कर्जा प्रदान गर्नेछ ।

“सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्षदेखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ७ लाख ग्राहकहरु रहेका छन् । साथै मिति २०८०/०९/२८ मा सम्पन्न बैंकको २२ औ वार्षिक साधारण सभाबाट विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा ल्याउन प्रस्ताव समेत पारित भएको छ ।




उल्लेखित कर्जाहरुमा आवेदन तल दिइएको क्युआर (त्तच) मार्फत समेत गर्न सकिनेछ । समाचार सम्प्रेषण गर्दा तल दिइएको क्युआर -(त्तच) कोड प्रयोग गरिदिनुहुन अनुरोध छ ।

छोरीलाई पनि
छोरा सरह स्कुल पढ्न पठाउँ

# सुनसरीको श्रीलंका टापुमा पानी नपर्दा रोपोमै सुक्न थाल्यो धान



धरान- सुनसरीको बराहक्षेत्रस्थित श्रीलङ्का टप्पुमा धानबाली रोपोमै सुक्न थालेको छ । आकाशे पानीको भर पर्नुपर्ने बराहक्षेत्र नगरपालिका-६ श्रीलङ्का टप्पुका चिलैया र गरैया क्षेत्रका किसानका धानबाली रोपोमै सुक्न थालेको स्थानीय कृषक सन्तोष चन्द्रवंशीले बताए ।

उनले भने, 'केही दिनदेखि पानी राम्रोसँग पर्न सकेको छैन पानी पर्ने आशामा बसेका किसानको धान रोपोमै सुक्न थालेको हो ।'

गाँज लाग्ने बेलामा पानी नपरेको किसानहरुको भनाइ छ । विद्युत सबै ठाउँमा नपुग्दा पम्पसेटबाट पानी लगाउनसमेत नसकिएको उनीहरु बताउँछन् । छ वर्ष अघिसम्म श्रीलङ्का टप्पुका किसानले धान खेती गर्दैन थिए ।

चन्द्रवंशीका अनुसार स्थानीय किसानले एक वर्षका लागि धान खरिद गरेर जोहो गर्नुपथ्र्यो । बिजुली बत्ती आएपछि मोटरबाट पानी तानेर धानखेती गर्न थालेका थिए । तर, सबै खेतमा विद्युतको पहुँच नपुग्दा कृषक समस्यामा परेका हुन् ।

यहाँका अधिकांश कृषकले कोशीपारिका बजार भागलपुर, रामपुर र चक्रघट्टीबाट ल्याएर धानको बियाड राखेका थिए । गरैया कृषि सहकारीले पनि १९ बोरा (छ सय ६५ केजी) धानको बीउ कृषकलाई वितरण गरेको सहकारी संस्थाका अध्यक्ष बद्री राईले जानकारी दिए ।

बराहक्षेत्र नगरपालिकाअन्तर्गत पर्ने श्रीलङ्का टप्पु दुई वटा वडाले छोएको छ । वडा न ९ मा सात सय घरधुरी छन् भने वडा न ६ मा दुई सय घरधुरी छन् । हाल कृषकले यहाँ एक सय बिघाहभन्दा बढी क्षेत्रफलमा धान खेती गरेका छन् ।

'पानी पर्लापर्ला भन्दाभन्दै धानको रोपो सुक्न थालेको छ", कृषक रामभुवन राय यादवले भने । कृषि सहकारीले धानबालीका लागि पाँच सय बोरा मल मौज्दात राखेको छ । विगत वर्षमा मलको अभाव भोग्नुपरेकाले यसवर्ष मल मौज्दात गरिए पनि पानी नपरेकाले खपत हुन नसकेको सहकारीले जनाएको छ ।

'पानी परेपछि धानबालीमा मल हाल्नुपर्छ, पानी नपरेकै कारण कृषकले सहकारीबाट मल लगेका छैनन्', गरैया कृषि सहकारीका कोषाध्यक्ष गोल्छा फ्माले भने । कृषक पानी पर्ने आशामा बसेको उनको भनाइ छ ।

# बूढीगंगाको कटानले बाजुरा र अछामका दर्जनौं बस्ती जोखिममा

बाजुरा- बूढीगंगा नदीको कटानले बाजुरा र अछाममा खेतीयोग्य जमिन बगरमा परिणत हुँदै गएको छ । यो वर्ष पनि नदीले निरन्तर कटान गर्दै जाँदा बाजुरा र अछामका दर्जनौं बस्तीसमेत जोखिममा परेका छन् ।

कटानका कारण बाजुराको गौमुल गाउँपालिका, बडिमालिका नगरपालिका, बूढीगंगा नगरपालिका र त्रिवेणी नगरपालिकाका तटीय क्षेत्रका बस्ती जोखिममा छन् ।

गत वर्षको मनसुनमा बूढीगंगा नगरपालिका १ अमकोटमा १०७ परिवारको खेतीयोग्य जमिन बूढीगंगा नदीले कटान गरेको थियो । यो वर्षको मनसुन सुरु भएपछि सोही नगरपालिका ३ ताप्रिसेरामा रहेको ५० परिवारको जग्गा बगरमा परिणत गरेको स्थानीय हिरा थापाले बताए ।

बाजुराको बडिमालिका नगरपालिका २ घागरमा १९ मुरी धान फल्ने खेत बगाएको र जोखिममा परेकाले घरमा बस्नसमेत छोडेको हिरा उपाध्ययाले बताए ।


बडिमालिका नगरपालिका २ पानीनाउलामा २५ परिवारको जग्गा पूरै कटान गरेको स्थानीय धन बढुवालले जानकारी दिए । उनले भने, 'प्रत्येक वर्ष अलिअलि कटान गर्दै आएको थियो । यो वर्ष सबै बगायो ।'



बाजुराकै त्रिवेणी नगरपालिका ३ नं वडा र बूढीगंगा नगरपालिका ३ नं वडाको खेतीयोग्य जमिन नदीले कटान गरेको स्थानीय दिपक शाहले बताए । नदीको किनारामा रहेका ताप्रिसेरा, राप्का, बार्जुगाडा, मौर लगायत बजार पनि जोखिममा परेका छन् ।

अछामको साँफेबगर नगरपालिका २ का कमल साउदले साँफेबगरको बुढाबगर, ठाँटी, साँफे र कालिमाटीमा बूढीगंगाले कटान गर्दै आएको बताएका छन् । नदीले अछाममा रहेको धार्मिकस्थल बजनाथ क्षेत्रको केही भाग पनि कटान गरेको छ ।

# स्वयम्भूमा एक महिनासम्म लाग्ने मेला सुरु



काठमाडौं- प्रत्येक वर्ष साउन शुक्ल प्रतिपदादेखि एक महिनासम्म स्वयम्भूमा लाग्ने मेला आजदेखि सुरु भएको छ । बौद्ध धर्मावलम्बीले मनाउने चाड गुँला पर्वका रूपमा मेला अवधिभर प्रत्येक बिहान बाजा बजाउँदै स्वयम्भू महाचैत्यको दर्शन गरी त्यस वरपर क्षेत्रमा परिक्रममा गर्ने प्रचलन छ ।

बौद्ध धर्मावलम्बीहरूले यो एक महिनाको समयावधिलाई पवित्र महिनाका रुपमा लिनाका साथै करुणामयको नामबाट चिनिने मत्स्येन्द्रनाथको दर्शन गर्दछन् । यसरी तीर्थ गरेमा पुण्य सञ्चय हुने विश्वास बौद्ध धर्मावलम्बीको रहेको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले जनाएको छ । स्वयम्भूमा मेला भरेपछि नजिकै रहेका शोभाभगवती, विजेश्वरीलगायत तीर्थस्थलको परिक्रमा गर्ने परम्परा रहेको महासमितिका महासचिव अशोक बुद्धाचार्यले बताए ।

महासमितिले विश्वसम्पदा स्वयम्भू तथा यस आसपास क्षेत्रका गुम्बामा दर्शनका लागि आउने भक्तजनको सुरक्षा, मेलामा हुने घुईंचो व्यवस्थापन, सरसफाइ, रङ्गरोगन, सडक बत्ती व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा गरी आजदेखि मेला सुरु गरिएको महासचिव बुद्धाचार्यले जानकारी दिए ।

चैत्यको जीर्णोद्धार सम्पन्न गरिएकाले यस वर्ष दर्शन गर्न आउने भक्तजनको सङ्ख्या बढ्ने अपेक्षा गरिएको उनले उल्लेख गरे । थेरवाद, महायान र बज्रयान सम्प्रदायका अनुयायीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट एक महिनाको अवधिमा करिब पाँच लाख आउने अपेक्षा गरिएको महासमितिले जनाएको छ ।

स्वयम्भूस्थित महानगरीय प्रहरी वृत्तले उक्त मेलामा आउने भक्तजन तथा सर्वसाधारणको सुरक्षाका साथै सडकमा ट्राफिक व्यवस्थापन गर्ने महासचिव बुद्धाचार्यको भनाइ छ । "संस्कृतमा स्वयम्भूको अर्थ आफैं उत्पन्न भएको भूमि हो । यहाँ विपश्वी बुद्धले आएर पूजा गरेको धर्मावलम्बीको विश्वास छ", उनले भने ।

विशेषगरी बौद्ध अनुयायीले विभिन्न धार्मिक गतिविधि गर्ने उक्त स्थलमा तान्त्रिक देवीदेवताको पनि विश्रामस्थल रहेको जनविश्वास छ । यहाँ सबै सम्प्रदायका बौद्ध अनुयायी तथा हिन्दू धर्मावलम्बीले आस्था प्रकट गर्दछन् । यस आसपासमा रहेको अनन्तपुर र प्रतापपुर पनि जीर्णोद्धार सम्पन्न गरिएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन वृद्धि हुँदै गएको महासमितिका महासचिव बुद्धाचार्यले जानकारी दिए ।

## खेलकुद

# भान्डरसेको घातक बलिङ्मा श्रीलंकासँग भारत पराजित




काठमाडौं– लेग स्पिनर जेफरी भान्डरसेले आफ्नो खेल जीवनले उत्कृष्ट बलिङ गर्ने गरेपछि श्रीलंकाले दोस्रो वान डेमा आइतबार भारतलाई ३२ रनले पराजित गरेको छ र तीन खेलको शृंखलामा १-० को अग्रता लिएको छ ।

टस जितेर पहिले ब्याटिङ गरेको श्रीलंकाले ५० ओभरमा नौ विकेट गुमाएर २ सय ४० रन बनाएको थियो । जवाफमा ब्याटिङ मैत्री पिचमा भारत ४२.२ ओभरमा २ सय ८ रन बनाएर अलआउट भयो ।

शानदार सुरुआत गरेको भारतले एक समय बिना कुनै विकेटको क्षति ९७ रन बनाएर पनि यो खेल गुमाएको हो । कप्तान रोहित शर्माले ६४ रन बनाए । भान्डरसेले ३३ रनमा छ विकेट लिए । यसअघि पहिलो वान डे टाइ भएको थियो । अब भारतले शृंखला जोगाउन तेस्रो तथा अन्तिम वान डे जित्नु पर्नेछ ।

# पेरिस ओलम्पिक : पदक तालिकामा चीनलाई अमेरिकाले उछिन्यो




काठमाडौं- अमेरिकाले पेरिस ओलम्पिक २०२४ को पदक तालिकामा नवौं दिन आइतबार चीनलाई पहिलो पटक उछिनेर शीर्ष स्थानमा उक्लिएको छ । अमेरिकाको १९ स्वर्ण, २६ रजत र २६ कांस्य भएको छ । चीन १९ स्वर्ण, १५ रजत र ११ कांस्यसहित दोस्रो स्थानमा छ । यस्तै आयोजक फ्रान्स १२ स्वर्ण, १४ रजत र १८ कांस्य छ । त्यसपछि अस्ट्रेलिया, बेलायत र दक्षिण कोरिया रहेका छन् ।

ओलम्पिकको सबैभन्दा प्रतिष्ठित मानिने पुरुष सय मिटर दौडमा अमेरिकाका नोह लेयसले स्वर्ण जितेका छन् । उनले एक सेकेन्डको पाँच हजारको एक भागले जमैकाका किसेन थोम्सनलाई नाटकीय ढंगले दोस्रो स्थानमा पारेका हुन् ।

लेयसले ९.७९ सेकेन्डमा दौड पूरा गरे । यत्तिकै समयमा ओलम्पिकमा डेब्यु गरिरहेका थोम्सनले पनि दौड पूरा गरेका हुन् ।

# इरानसँग स्तब्ध नेपाल

काठमाडौं – अघिल्लो दिन भारतमाथि सनसनी विजय हात पारेको नेपाल सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा) महिला भलिबल नेसन्स लिगमा आइतबार इरानसँग स्तब्ध भएको छ । इरानले राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा नेपाललाई ५ सेटको प्रतिस्पर्धामा पराजित गर्‍यो ।

भारतमाथि विजय हात पार्दा जसरी नेपाली खेलाडी भावुक भएका थिए, त्यसरी नै नेपालमाथि विजय हात पार्दा इरानका खेलाडीहरू कोर्टमै लडेर भावनात्मक रूपमा विजयको खुसी मनाएका थिए । नेपालले तेस्रो खेलमा आएर पहिलो पराजय भोगेको हो । इरानमाथि विजय हात पारेको भए नेपाल राउन्ड रोबिन लिगको शीर्ष स्थानमा रहने लगभग निश्चित थियो ।

तर, नेपालमाथि विजय हात पारेपछि इरान शीर्ष स्थानमा उक्लेको छ । इरान र भारतको समान ७ अंक छ । नेपालको ६ र श्रीलंकाको ४ अंक छ । माल्दिभ्सको कुनै अंक छैन । माल्दिभ्स सेमिफाइनल दौडबाट वाहिरिसकेकाले इरान, भारत, नेपाल र श्रीलंकाको अर्को चरणको यात्रा निश्चित भइसकेको छ । राउन्ड रोबिन लिगमा सहभागी ५ राष्ट्र प्रतिस्पर्धा गरेपछि शीर्ष चार टोली सेमिफाइनलमा पुग्ने प्रावधान छ । राउन्ड रोबिन लिगपश्चात् शीर्ष स्थानमा हुनेले चौथो हुनेसँग र दोस्रो हुनेले तेस्रो स्थानमा रहनेसँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ ।

इरानले सुरुआतदेखि उच्च खेलेको थियो र पहिलो सेट २५-१६ ले आफ्नो पक्षमा पारेको थियो । नेपालले दोस्रो सेटमा ७-० को अग्रता बनाउँदै जोस देखाएको थियो । नेपालले पनि २५-१६ ले जितेर १-१ को सेटमा बराबरीमा ल्याएको थियो । तेस्रो सेटमा पनि नेपालले निकै आक्रामक सुरुआत गरे पनि अन्त्यमा इरानले २५-२३ ले जितेर २-१ को अग्रता बनाएको थियो ।

# प्रेस काउन्सिल नेपालका अध्यक्षलाई पत्रकारहरुले बुझाए ज्ञापन पत्र



■ जन आकाश संवाददाता

प्रेस काउन्सिलले हालसालै पत्रपत्रिकाको समिसन परिक्षण प्रकाशन गरेकोमा केही त्रुटीहरु भएका र त्यसलाई सच्याउन स्वत स्फुर्त रुपमा पत्रपत्रिका सञ्चालन गरीरहेका स्वरोगारमूलक पत्रकारहरु प्रेस काउन्सिल नेपालको कार्यलयमा ज्ञापन पत्र बुझाउन पुगेका थिए । ज्ञापन पत्र बुझाउने अभियानमा वरिष्ठ पत्रकार तथा राष्ट्रवाणी साप्ताहिकका सम्पादक तथा प्रकाशक हरि लम्साल समेत रहेका थिए ।

ज्ञापन पत्रमा उल्लेखित विषयहरु नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तराम विडारीले पढेर प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतलाई पत्रकारहरुले संयुक्तः रुपमा बुझाइएका छन् । त्यस ज्ञापन पत्र बुझाउने अभियानमा काठमाडौ उपत्यकाका तिनै वटै जिल्लाका अध्यक्षहरुको उपस्थिति रहेको थियो । नेपाल पत्रकार महासंघका सचिव गोविन्द चौलागाई, पुराना पत्रकार रमेश खडुका उपत्यका प्रदेशका अध्यक्ष श्रीजन झा, लगायतको पनि उपस्थिति रहेको थियो । भने उपत्यका भन्दा बाहिरवाट रोल्पावाट कविता उपाध्यय, सम्तरीवाट अम्बिका दाहालले उपत्यका बाहिरको प्रनिनिधित्व गरेर आफ्नो धारणा राखेका थिए । उनिहरुले प्रेस कान्सिल नेपालले गरेका त्रुटीहरुलाई सच्याउन र नसच्याए देशैभरीवाट आन्दोलन गर्नुको विकल्प नरहेको धारणा राखेका थिए ।

सवैभन्दा बयोबृद्ध वरिष्ठ पत्रकार हरि लम्साल विरामी अवस्थामा पनि प्रेस काउन्सिलमा अन्याय भयो भनेर आउनु दुखःद भएको भनेर आक्रोशित हुदै लोकतान्त्रिक छापा माध्यम सञ्जालका अध्यक्ष दामोदर दुवाडीले आफ्नो धाराणा राखेका थिए । यसरी दुवाडीले आक्रोशित हुदै धाराणा राखिरहेका वेला पत्रकारिता गरिरहेका पत्रकारहरु निस्तब्ध भएको देखिन्थ्यो ।

सवैका कुरा सुनिसकेपछि प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सवै पत्रकार हरुलाई हामी सवै एउटै परिवार भएको र यसरी याहा आउनु भएकोमा धन्यवाद दिदै, "भने मत दुखी होइन सवै जनासँग धेरै पछि भेट हुन पाउदा खुशी भएको छु । काम गर्दै जादा कमि कमजोरी भए होलान् । त्यसलाई सुधार गरौला तर विगतमा यो काउन्सिल कस्तो थियो तिन, चार बर्ष देखि पत्रपत्रिकाको वर्गीकरण रोक्किएर बसेको थियो । म आएपछि त्यसको काम दुई बर्षको एकैपटक वर्गीकरण गरेको छु । अर्को बर्ष चाडो वर्गीकरण गर्ने काम थालिसकेका छौ । मेरो कालकालमा राजनीतिक आस्थाका आधारमा प्रतिशोध भयो भनेर कसैले भन्छ भने सवै रेकर्ड हेर्न अनुरोध छ भन्दै त्यसस्तो म हुन दिन्न म स्वयम साना लगानीमा चलेको स्वारोजारमुखी धरातलवाट आएको व्याक्ति हु मेरो कार्यकालमा राजनीतिक आस्थाको आधारमा प्रतिशोध दिन्न" भन्दै सवैलाई चिया पिएर जान आग्रह गरेका थिए । तर उनि आफै चै चिया नपिए आफ्नो भनाई सकेपछि कार्यकक्षमा झरेका थिए ।

तर प्रकाशित भएको वर्गीकरणको लिष्टमा हेर्ने हो भने धेरै जति एमाले र काग्रेस समर्थित देखिने पत्रपत्रिकाहरुको पक्ष पोषण भएको र अन्य स्वतन्त्र पत्रपत्रिकाहरुलाइ घटुवा गरेको देखिन्छ । यस्ता घटनाहरुले नेपालका दलको आस्था नराख्ने र स्वतन्त्र नागरिकले चलाएका कुनैपनि उद्योग, सञ्चार टिक्न नसक्ने र निरास भएर कि प्रेम आचार्य बन्नु पर्ने कि लाचार भएर देश छोड्नुपर्नु अवस्था देशमा हावी हुदै गएको छ । त्यस्तै पढे लेखेका नीतिमा अडान होला विवेक प्रयोग गर्ने ठाउँ अन्यायलाई न्याय गर्न सक्छ भन्ने ठाउँ प्रेस काउन्सिल नेपालको काम गराइमा पनि खोट देखिएको छ । सुधारर्ने कुरा त भएको छ । तर राजनीतिक पिछेका पत्रकार संघहरु छन् । ति दलीय आधारमा भागबण्डा गरेर मात्रै सुधार हुने हो कि स्वतन्त्र नागरिकले पनि न्याय पाउछन् भन्ने उदारण दिने हो त्यो हेर्न बाँकी छ । आउदा दिनका कामहरुले देखाउने छ ।

# विद्यार्थीलाई करियर सम्बन्धी सल्लाह दिने पहिलो सम्मेलन सम्पन्न



काठमाडौं- माध्यमिक तहको+२ अध्ययन पूरा गरेर बसेका विद्यार्थीहरूलाई सम्भावना चिनाउन र अवसरहरुसँग जोड्न आयोजना गरिएको राष्ट्रिय सम्मेलन गत शनिबार नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा सम्पन्न भएको छ ।

'करियर कन्क्लेभ' बिद्यार्थीहरुको करियरलाई प्राथमिकतामा राखेर आयोजना गरिएको नेपालको राष्ट्रियस्तरको पहिलो युवा सम्मेलन भएको आयोजकले जनाएको छ ।

प्रशिक्षणको आयोजक र टेकस्पायर कलेजको मुख्य प्रयोजनमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदिप पौडेलले विद्यार्थीहरुलाई सम्बोधन गर्दै नेपालमा करियर बनाउन केही चुनौती देखिएपनि ती चुनौतीको सामना गर्नुपर्ने बताए । उनले करियर बनाउन विदेश जानु मात्र नभएको भन्दै विद्यार्थीहरुले नेपालमा भविष्य बन्ने प्रसस्त ठाउँहरूको खोजि गर्नुपर्ने सल्लाह दिए ।

मन्त्री पौडेलले यो पुस्ताको करियर खोज्दा भोग्नुपरेका समस्याको नीतिगत सुधार गर्नुपर्ने ठाउँमा सुधार गर्ने र युवा पुस्तालाई यही बस्ने वातावरण निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा कि नोट मन्तव्य व्यक्त गर्दै आयोजक संस्थाका अध्यक्ष लक्ष्मण पोखेलले विद्यार्थीहरुमाझ अहिलेको प्रतिस्प्रधी बजारमा प्रतिस्पर्धाकाबीच पहिलो स्थानमा कसरी उभिने र १२ पास गरिसकेपछि अब तत्कालै के के कुरा गर्ने भन्ने भिजन प्रस्तुत गरे ।

सम्मेलनमा 'जीवन्त सिकाई र बदलिँदो रोजगारीको बजार' विषयमा नेपालको अग्रणी डिजिटल वाल्ट ईसेवाका सह संस्थापक तथा यति एयरलाइन्सका सिईओ सुबाश सापकोटा, आईडियाप्रेन्योर नेपालका संस्थापक संजोग कोइराला, ह्याप्पी माइण्डसका संस्थापक श्रेया गिरीले प्यानलमा बहस गरेका थिए ।

उक्त बहसबाट विद्यार्थीहरुले व्यावहारिक ज्ञान र अहिलेको वास्तविक बजार बारे जानकारी पाएको आयोजकले जनाएको छ ।कार्यक्रममा क्यनका सचिव पारस खड्का र उत्प्रेरक वक्ता शौनक भट्टले विद्यार्थीहरुलाई सम्बोधन गरेका थिए । यस्तै नितेशजंग कुँवर र समृद्धि राईको सांगितीक प्रस्तुति र हास्य कलाकार सुमन कार्कीले प्रहसन प्रस्तुत गरेका थिए ।

सम्मेलनलाई कोड फर चेन्ज नेपालले सहआयोजना गरेको हो भने पिसिपिएस कलेज सहप्रायोजकमा रहेको छ । यस्तै कोड हिमालय, कुमारी बैंक, इन्ट्रान्स पार्क, आईएनआई सिनेमाज, एईसिसी ग्लोबल, क्वेस्न बैंक एआईले सम्मेलनलाई प्रायोजनना गरेका छन् ।

पृष्ठ १ बाट जारी

## बालबालिका...

कै कौशीमा लगायतका विभिन्न सांगीतिक प्रस्तुती दिई मनोरञ्जन दिलाएका थिए ।

यसका साथै विभिन्न संस्थामा आवद्ध रहि बालबालिकालाई संगीत सिकाईरहेका शिक्षकहरुले संयुक्त रुपमा "हे कान्छी मलाई सुनको तारा'" र "मोहनी लाग्ला है'" बोलको गीतमा प्रस्तुती दिएका थिए ।

शिक्षाको अभाव झेलेका दुर्गमका दृष्टिविहिन बालबालिकाहरुलाई सांगीतिक अभ्यास गराउँदै आएको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले विगत चार वर्षदेखि नेपालमा रहेको टिपिकल बाद्यावादन अन्तर्गत मादल, तवला, गिटार, सारङ्गी, हार्मोनियम, पीएनो, जाइलोफोन लगायतका सिप सिकाउदै आएको छ ।

ब्रम्हकुमारी मार्ग, ज्याठा, ठमेल काठमाडौमा रहेको डिलाईट म्यूजिक स्कुलले पीएनो, सारङ्गी, सेक्सोफोन, गीटार, मादल, बाँसुरी, वेस्टन फ्लुट लगायतका विभिन्न बद्यबादनहरु सिकाउँदै आईरहको छ ।

ताइवानी नागरिक जेवेल चिएङले स्थापना गरेको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरबाटै उक्त सांगीतिक कक्षाहरु सञ्चालन हुँदै आएको छ ।

उक्त केयर सेन्टरका फाउण्डर समेत रहेकी चिएङकै सम्पूर्ण सहयोगमा विभिन्न जिल्लाका १२५ भन्दा बढी असाहय दृष्टिबिहीन बालबालिकाहरुले बाद्यबादन सम्बन्धी सबै खाले सिप सिक्दै आएको डिलाइट एक्सप्लोरिङ हेरिटेज म्युजिकका कार्यकारी अधिकृत राजेश गुरुङले जानकारी गराए ।

गुरुङले देशभर विभिन्न ठाउँबाट आएका दृष्टिविहीन बालबालिकाहरुलाई विगत तीन वर्षदेखि संगीत तथा बाद्यवादन सिकाउनका लागि आवश्यक खर्चको व्यवस्था ताइवानी नागरिक जेवेल चिएङले गर्दै आएको बताए ।

सांगीतिक कार्यक्रममा भाग लिँदा उनीहरुले आर्थिक सहयोग, सम्मान तथा पुरस्कार समेत पाउने गरेको गुरुङले बताए ।

सो कक्षा सञ्चालनका लागि शिक्षकको व्यवस्था ताइवानी नागरिक चिएङले व्यवस्था गरेका छन् भने उनले नेपालमा विभिन्न सामाजिक कार्य गर्दै आएका छन् ।

पृष्ठ १ बाट जारी

## आलु...

परिमाण बढाउनेछौँ', उनले भने । उद्योगलाई भन्डार कक्ष र प्याकेजिङ सुरुआतका लागि परियोजनाले गत आवमा पहिलो चरणमा १४ लाख रुपैयाँ सहयोग गरेको थियो ।

केही दिनअघि आलु प्याकेजिङलाई जिल्लास्थित बजार पठाइएकाले मागको अवस्थाबारे अनुगमनसमेत गर्न थालिएको उद्योगका अर्का सञ्चालक शशी अधिकारी बताउँछन् ।

उद्योगले 'काभ्रेको चिनारीः पोषिलो आलुको तरकारी'को नारासहित हाललाई प्रतिकेजी ८० रुपैयाँका दरले प्याकिङ गरिएको आलु बजार पठाएको हो ।

'आलुको गुणस्तर कायमै राखी बजारको मागअनुसार फरकफरक तौलमा प्याकिङ गर्ने योजना बनाएका छौँ', अधिकारीले भने । उनका अनुसार उद्योगले फरकफरक जातको आलु 'ग्रेडिङ' गरी बजार पठाएको छ ।

उपभोक्ताले आफूलाई मन पर्ने जातको आलु किनेर लैजान सक्नेगरी प्याकेजिङ गरेको जनाइएको छ । सुपरजोन समन्वय समितिका प्रमुख सुमन नेपालले ढुक्क भएर काभ्रेपलाञ्चोकमा प्याकेजिङ गरिएको आलु खान आग्रह गरेका छन् ।

# अन्तराष्ट्रिय

## हसिनाका छोराले भने- उहाँ निराश हुनुहुन्छ, अब राजनीतिमा पुनरागमन हुन्न



काठमाडौं- प्रदर्शन चर्किएपछि देश छोडेर भागेकी बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाका छोरा सजिब वाजेद जोय आफ्नी आमा अत्यन्त निराश रहेको र अब उनको राजनीतिमा पुनरागमन नहुने बताएका छन् । बीबीसी विश्वसेवासँग कुरा गर्दै उनले भनेका छन्-'आफ्नो सबै कडा परिश्रमपछि पनि अल्पसंख्यक आफ्नो विरुद्धमा उठेकोमा उहाँ धेरै निराश हुनुहुन्छ ।'

प्रधानमन्त्रीका सल्लाहकार समेत रहेका वाजेदले हसिनाले हिजोदेखि राजीनामा दिने विचार गरिरहेकी थिइन् । उनले परिवारले आग्रह गरेपछि आफ्नै सुरक्षाको लागि देश छोडेकी हुन् ।

सत्तामा आफ्नी आमाको कामको बचाउ गर्दै उनले भनेका छन्- 'उहाँले बंगलादेशलाई परिवर्तन गर्नुभएको थियो ।उहाँले सत्ता हातमा लिँदा असफल र गरिब देश थियो । आज बंगलादेशलाई एसियाको बाघ मानिन्छ ।' उनले प्रदर्शनकारीहरूमाथि आइतबार भएको हिंसाको प्रतिवाद गर्दै भिडले प्रहरीलाई कुटपिट गरेपछिको स्वाभाविक प्रतिक्रिया भएको बताएका छन् ।

## बंगलादेशका प्रधानमन्त्रीको निवासमा लुटपाट



काठमाडौं- सरकारविरोधी प्रदर्शनमा उत्रिएका आन्दोलनकारीले ढाकामा प्रधानमन्त्री शेख हसिनाको सरकारी निवासमा लुटपाट गरेका छन् । प्रदर्शनकारीहरूले कुर्सी र सोफा बोकेको फुटेज देखिएका छन्

राजधानी ढाकामा प्रधानमन्त्री हसिनाको सरकारी निवासमा प्रदर्शनकारीले लुटपाट गरिरहेको दृश्य अहिले फुटेजमा देखिएको बीबीसीले उल्लेख गरेको छ । केही प्रदर्शनकारीले गणभवन निवासबाट कुर्सी सोफा बोकेर लगेको जस्तो देखिन्छ ।

## सोमालियामा अल-शबाबको आक्रमणमा परी ३२ जनाको मृत्यु



मोगादिशु (सोमालिया)- सोमालियाको राजधानी मोगादिशुको समुद्र तटमा अल-शबाबले गरेको आत्मघाती आक्रमणमा परी ३२ जनाको मृत्यु हुनुका साथै कयौं घाइते भएको प्रहरीले शनिबार जनाएको छ । अल-कायदासँग सम्बन्धित जिहादीले १७ वर्षदेखि सरकार विरुद्ध विद्रोह गर्दै आएका छन् ।

आक्रमण पछि सार्वजनिक गरिएको भिडियोमा सडक तथा समुद्र तटमा रगतले लतपतिएका शवहरू देखाइएको थियो ।आक्रमणमा परी ३२ जनाभन्दा बढी सर्वसाधारणको मृत्यु हुनुका साथै ६३ जना घाइते भएको प्रहरी प्रवक्ता अब्दिफताह अदान हसनले पत्रकार सम्मेलनमा बताए ।

आक्रमणकारीले नागरिकलाई लक्षित गरी गरेको विस्फोटले आक्रमणकारीको निशानामा सरकारी केन्द्र, सैनिक र अधिकारी मात्र नभई नागरिक पनि परेका छन् भन्ने प्रष्ट भएको प्रहरी प्रवक्ता हसनले उल्लेख गरेका छन् ।

आक्रमणको जानकारी दिँदै प्रत्यक्षदर्शीले विस्फोट हुँदा घटनास्थलमा धेरै मानिसहरू रहेको बताएका छन् । अल-शबाबले मोगादिशुलगाथत देशको अन्य भागमा भएका बम विस्फोट र आक्रमणको जिम्मेवारी लिएको छ भने सरकारले इस्लामिक उग्रवादीहरू विरुद्ध आक्रमण गर्न दबाब दिइरहेको छ ।

# झ्याउरे छन्द कविता लेखनकी अभियन्ता तथा पत्रकार रेणुका भट्टराईको खण्डकाव्य 'मञ्जरी' लोकार्पण



■ जयराम बिडारी

काठमाडौं- नेपाली लोक पहिचानको रुपमा परिचित झ्याउरे छन्द र लयमा कविता लेखनकी अभियन्ता पत्रकार तथा साहित्यकार रेणुका भट्टराईको ' मञ्जरी' खण्डकाव्यको दोस्रो संस्करण लोकार्पण गरिएको छ ।

काव्य घर नेपालको आयोजनामा बौद्ध रामहिटी स्थित साहित्य सदनमा आयोजित उक्त कार्यक्रम सुसम्पन भएको हो । नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति गङ्गाप्रसाद उप्रेतीको प्रमुख आतिथ्य तथा काव्य घर नेपालका अध्यक्ष राजकुमार खड्गाको अध्यक्षतामा छन्द अभियन्ताद्वय प्रा.डा. रामप्रसाद ज्ञवाली डा.देवी नेपाल महाकाव्यकार सीता भट्टराई लगायत सयौंका संख्यामा समुपस्थितिमा पूर्व कुलपति गंगाप्रसाद उप्रेतीद्वारा व्यानर पढेर कार्यक्रमको समुद्घाटन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूले सामूहिक रूपमा कृतिको लोकार्पण गरेका थिए ।

स्रष्टा भट्टराईले २०५७ सालमा लेखेको काव्यको पहिलो संस्करण २०६१ सालमा प्रकाशन भएको थियो । दोस्रो संस्करण कृतिबारे बोल्दै महाकव्यकार सीता भट्टराईले एक सशक्त नारी हस्ताक्षर रेणुकाद्वारा करिव पच्चिस वर्ष अघि सृजित रचनाले आजसम्म आइपुग्दा समाजमा थुप्रै परिवर्तन भए पनि यस्को महत्व अझै रहेको उल्लेख गर्दै कृति सफलतका लागि शुभकामना दिएकी थिइन् ।

यसैक्रममा अर्का बक्ता र प्रा.डा.देवी नेपालले समिक्षात्मक टिप्पणी गर्दै आत्मस्वाभिमानमा बाँचेकी रेणुकाको काव्यचेत अत्यंत उर्वर रहेकोले भविष्यमा अझै सशक्त सृजनाको अपेक्षाकृत रहने बताउँदै कृति सफलताको शुभकामना दिएका थिए । उक्त कार्यक्रममा प्रा.जगतप्रसाद उपाध्याय 'प्रेक्षित' प्रा.डा. रामप्रसाद ज्ञवाली अर्जुन 'विरक्ती' तथा प्रा.डा. हेमनाथ पौडेल, प्रा.डा. रामप्रसाद ज्ञवाली र अर्जुन 'विरक्ती'ले शुभकामना मन्तव्य दिएका थिए ।

सो अवसरमा प्रमुख अतिथि पूर्व कुलपति गंगाप्रसाद उप्रेतीले संघर्षको बलमा नेपाली साहित्यिक आकाशमा क्रियाशील भट्टराईको काव्यकृति समयसापेक्षाता बोकेको कृति भएको बताए । सो अवसरमा लोकार्पित कृतिबाट जानुका भट्टराई, अधिकारी विमला, गङ्गा कर्माचार्य पौडेल र शान्ति पौडेलले सिर्जना वाचन गरेका थिए ।

लेखकीय मन्तव्य दिँदै भट्टराईले कृति रचना गर्भबारे प्रकाश पार्दै अभ्यागत सम्पूर्णलाई धन्यवाद दिएकी थिइन । उक्त अवसरमा स्रष्टा भट्टराईका पुत्ररत्न सुदृढ पोखरेलको ९औं जन्मदिन परेको अवसरमा प्रमुख अतिथि लगायत अतिथिहरुद्वारा टीका, खादा लगाई शुभकामना दिएका थिए । आयोजक संस्थाका अध्यक्ष राजकुमार खड्गाको अध्यक्षतामा भएको कार्यक्रमा अतिथि जलेश्वरी श्रेष्ठ, गंगा लिगल लगायत विशिष्ट साहित्यकार तथा पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम साहित्यकार तथा सञ्चारकर्मी राजन न्यौपानेको सञ्चालन र इन्दु पन्तले स्वागत मन्तव्य राखेका थिए ।

# नेपालमा धमाधम एक्सन फिल्म बन्दै छन् किन ?

काठमाडौं- शुक्रबार मात्रै "रावायणु" फिल्मको टिजर सार्वजनिक गरियो । सुदर्शन थापाले निर्देशन गरेको फिल्मको टिजरमा एक्सन दृश्यलाई प्राथमिकता दिइएको छ । यसबाट यो फिल्म एक्सनप्रधान बनेको अनुमान गर्न सकिन्छ ।

यसअघि एक्सनलाई प्राथमिकता दिँदै आउट लः दफा २१९ को टिजर सार्वजनिक गरिएको थियो । यसमा अभिनेता सुशील श्रेष्ठका एक्सन दृश्यहरू समावेश छन् ।

रावायणु भदौ २१ र "आउट लः दफा २१९" असोज ३ मा रिलिज हुने तय भएको छ । गत महिना एक्सनप्रधान फिल्म दान्भी रिलिज भएको थियो । यसमा अभिनेत्री पूजा शर्माले पहिलोपटक एक्सन दृश्य दिएकी थिइन् । फिल्मले राम्रो व्यापार गर्न नसके पनि चर्चा पाएको थियो ।

त्यस्तै सौगात मल्ल र नाजिर हुसेनको मुख्य भूमिका रहेको "अगस्त्य" मा पनि प्रशस्त एक्सन दृश्य थिए । कुनै बेला नेपालमा अधिकांश फिल्म एक्सनप्रधान बन्थे । अरू विधाका फिल्ममा पनि एक्सन दृश्य हुन्थ्यो नै । यस्तो लाग्थ्यो, एक्सनबिना फिल्म बन्दैन ।

पछिल्लो एक दशकमा भने एक्सन फिल्म कम हुँदै गए । कमेडी, प्रेम, परिवार, समाजको कथा बोकेका फिल्म धेरै बने । एक्सन दृश्यबिनाका फिल्म दर्शकको रोजाइमा पनि परे । यो क्रम जारी नै छ ।

तैपनि यसबीच बिस्तारै एक्सन फिल्म बन्न थालेका छन् । अरू विधाका फिल्ममा पनि फाटफुट एक्सन दृश्यले प्रवेश पाएका छन् ।यति बेला छायांकन भइरहेका र



निर्माण तयारीमा रहेका केही फिल्म यसका उदाहरण हुन् ।

एक्सन अभिनेताका रूपमा परिचय बनाएका विराज भट्टको फिल्म "१२ गाउँ" एक्सनप्रधान फिल्म हो । यसमा दक्षिण भारतीय फिल्मका एक्सन कोरियोग्राफरले काम गरेका छन् । केही दिनमा टिजर आउने तयारी रहेको यो फिल्म दसैंमा रिलिज हुनेछ ।

त्यस्तै सन्तोष सेनको निर्माण एवं निर्देशनको "बलिदान" पनि एक्सनप्रधान हो । यसको छायांकन केही दिनमै सुरू गर्ने तयारी छ । यसको एक्सन कोरियोग्राफीमा दक्षिण भारत र नेपालका द्वन्द्व निर्देशकले सहकार्य गर्दैछन् ।

प्रदीप खड्काको शीर्ष भूमिका रहने फिल्म "पिताम्बर" मा एक्सनका दृश्य समावेश हुनेछन् । अभिनेत्री रेखा थापाले एक्सन जनरामा "काली २" बनाउने तयारी छ । नीता ढुंगाना र हरिहर अधिकारीको फिल्म "ह्रस्व दीर्घ" मा पनि एक्सन दृश्य समेटिएको बताइएको छ । द्वन्द्व निर्देशक चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म भएकाले पनि यसमा एक्सनलाई प्राथमिकता दिइएको अनुमान छ । यो फिल्म असोजमा प्रदर्शनमा आउनेछ ।

निर्देशक दिवाकर भट्टराईले एक्सन-थ्रिलर जनरामा नयाँ फिल्म बनाउने तयारी गरेका छन् । यो फिल्मका लागि अभिनेता राजेश हमाललाई प्रस्ताव गरिएको छ ।

अभिनेत्री प्रियंका कार्कीले पनि एक्सन-थ्रिलर फिल्म बनाउने तयारी रहेको बताएकी छन् । गत वर्ष एक्सन फिल्म "अगस्त्यस् च्याप्टर-१" बनाएका निर्देशक सौरभ चौधरीले एड्भेन्चर एक्सन फिल्म "कर्मा" घोषणा गरेका छन् ।

यसरी हेर्दा अब एक दर्जन हाराहारी एक्सन फिल्म आउने लगभग निश्चित छ । यसले नेपालमा फेरि एक्सनप्रधान फिल्मले प्राथमिकता पाउन थालेको देखिएको छ ।

# प्रधानमन्त्री ओलीले गरे फिल्म "नमेटिने घाउ" को डबिङ



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले फिल्म "नमेटिने घाउ" मा डबिङ गरेका छन् ।

शनिबार दिउँसो अनामनगरस्थित द म्युजिक इरा रेकर्डिङ स्टुडिओमा पुगेर उनले फिल्ममा आफूले निर्वाह गरेको भूमिकाको दृश्यका लागि स्वरांकन गरेका हुन् ।

यो फिल्ममा ओलीले प्रधानमन्त्रीकै भूमिका निर्वाह गरेका छन् । वास्तविक घटनामा आधारित रहेर बनेको फिल्मलाई अभिनेता रमित ढुंगानाले निर्माण एवं निर्देशन गरेका हुन् ।

फिल्मले एसिड आक्रमणको घटनाविरुद्ध सन्देश दिने उनले बताएका छन् । फिल्ममा ओलीले आफ्नो अघिल्लो कार्यकालमा ल्याएको एसिड आक्रमणविरुद्धको अध्यादेशको सन्दर्भमा तत्कालीन प्रधानमन्त्रीको भूमिकामा अभिनय गरेका छन् । तीन महिनाअघि उनले फिल्मको छायांकन गरेका थिए । यो फिल्ममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, सांसदद्वय देवेन्द्र पौडेल र ज्ञानेन्द्र शाहीले समेत अभिनय गरेका छन् ।

३३ जना एसिड आक्रमणका पीडितको कथालाई फिल्ममा समेटिएको छ । शिवम् अधिकारीले यसको कथा लेखेका हुन् । मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्रसिंह कुसवाह, लालना चिमोरिया, स्वस्तिमा कार्की, लिजा कोरानी, एलिसा गुरूङ, सुरवीर पण्डित, सुनिल कटुवाल, विशाल देवकोटा, आरजु अधिकारी, आरजु लेखक लगायतले यसमा अभिनय गरेका छन् ।

रमित ढुंगाना फिल्म प्रोडक्सनको ब्यानरमा 'नमेटिने घाउ' निर्माण भएको हो । यसको प्रदर्शन मिति घोषणा भइसकेको छैन ।

## कविता

### ह्राम्रो राजनीति



**नवीन न्यौपाने**

नेपालको राजनीति, सधैं पङ्गु भयो ।
विकासको काम जति, त्यसै थाती रह्यो ।
निष्टावान राजनीति, देख्न पाइएन ।
कति भनौ यस्ता नेता, अब चाहिएन ।१

आफ्नो मान्छे भनीभनी, काँध चढाएर ।
बाइबाई गरी दिने, भैंमा लडाएर ।
बुद्धिछैन भनौं भने, कुर्चीं हात लिन ।
गणितको खेलमात्र, हुन्छ रातो दिन ।२

केही काम गर्ने हैन, सत्ता मात्रै ताक्ने ।
सेवा गर्नु भन्दा बढि, गुड्डी गफ हाक्ने ।
सोझा साझा जनताले, विश्वासमा परी ।
भोट हाले चुनावमा, दुख गरी गरी ।३

फेरि पनि भोट माग्न, आए भने हामी ।
राम्रोलाई दिनु पर्छ नारी छामीछामी ।
पस्चाताप पर्‍यो ऐले, चिन्न नसकेर ।
बिकासको ठूलो मौका, त्यसैगयो खेर ।४

भन्न चाहिँ सबैजना, नेता फेरौ भन्छन् ।
चुनावको बेला भयो, फेरि हेरौ भन्छन् ।
सधैं यसो भनीभनी, बाटो बिराउने ।
कैले होला दाजु भाइ, चेत फिराउने ।५

पछि गाली गर्नु भन्दा, राम्रो नेता छानौ ।
मतदान गर्नु अधि, मत के हो जानौ ।
मोटा भए पूरा नेता, छैन कुनै होस ।
देश भाड्ने यिनै परे, दोष सतीलाइ ।६

### अदृश्य हावा



**निद्रा देउजा राजवंशी**

फूल हाँसिरहेकै छन्
खोलाहरु बगिरहेकै छन्
हावा चलिरहेकै छ
आकाश खुलिरहेकै छ
घाम लागिरहेकै छ
न रातले अध्यारो हुन बिर्सिएको छ
न दिनले उज्यालो हुन बिर्सिएको छ
सबै चलिरहेका छन् आफ्नै लयमा ।

तर,
रोकिएको छ मान्छेको गति
सुस्ताएका छन् मान्छेहरु
बन्द भएको छ मान्छेको आवाज
बम र बन्दुकसँग लड्ने पाखुरीहरु
डराएको छ उज्यालोसँग
र, बन्दी भएका छन् घरभित्र ।

सुनसान देखिन्छ सडक
सन्नाटा देखिन्छ सबैतिर
गाडीहरू कुददैनन् सडकमा
मान्छेहरु हिँड्दैनन बाटोमा
पसलहरु खुलेको छैन
बजारहरु चलेको छैन
मान्छे देखेर मान्छे भागिरहेछन्
शुन्यतामा हराएको छ,
समग्र सभ्यता
र, अदृश्य हावा फैलिरहेछ विश्वमा ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८
जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३, २०८१ साल साउन २२ गते मंगलबार (Aug 6, 2024)

# उबरमा १ लाख बीवाईडी कार सामेल हुने




काठमाडौं- चर्चित राइड सेयरिङ प्लेटफर्म उवरले आफ्नो फ्लिट सर्भिसमा १ लाख यूनिट बीवाईडी कार सामेल गर्ने भएको छ। यूरोप र ल्याटिन अमेरिकाबाट सुरु हुने सेवामा यति धेरै कार सामेल गर्न उवरले बीवाईडीसंग सम्झौता गरेको हो।

उवर ड्राइभरलाई विशेष मूल्यमा बीवाइडी कार बिक्री गर्न र सरल फाइनान्स सुबिध दिन समेत यी दुई कम्पनीबिच सम्झौता भएको छ।

साथै दुई कम्पनी मिलेर भविष्यमा अटोनोमस प्रबिधीको विकास गर्ने समेत सहमती भएको छ। उवर प्लेटफर्मका लागी उपयोगी हुने गरी बीवाईडीले अटोनोमस प्रबिधीका कार विकास गर्ने सम्झौतामा उल्लेख गरिएको छ।

चिनियाँ ब्राण्डका ईभीको बढ्दो दबदबा रोक्न यूरोप र अमेरिकाले हालै घोषणा गरेको उच्च करका बावजुत उवरसंग भएको यो सम्झौतालाई पश्चिमा मिडियाहरुले निकै अर्थपूर्ण रुपमा लिएका छन्।

यो सम्झौताले बीवाईडीको बढ्दो विश्वव्यापी प्रभावलाई कसैले पनि रोक्न नसक्ने पुष्टि गरेको कतिपय मिडियाले टिप्पणी समेत गरेका छन्।

बीवाईडीसंगको सहकार्यमा आफ्नो फ्लिट सर्भिसलाई विश्वव्यापी बनाउने उवरले जनाएको छ। मध्ये पश्चिम, क्यानाडा, अष्ट्रेलिया र न्युजिल्यान्डमा समेत यो सेवा विस्तार गरिने यी दुई कम्पनीविच सहमती भएको छ।

# भारतमा नेपाली विज्ञापन एजेन्सी भि-चित्रले पायो प्रतिष्ठित पुरस्कार

v-chitra



काठमाडौं- नेपाली विज्ञापन एजेन्सीहरूले आफ्ना सिर्जनात्मक कामहरूबाट विश्वव्यापी मञ्चमा उल्लेखनीय छाप छोडिरहेका छन् ।

यसै सन्दर्भमा "रुरल मार्केटिङ एसोसिएसन अफ इन्डिया"द्वारा हालै भारतमा आयोजित "फ्लेम अवार्ड २०२४" समारोहमा नेपालको अग्रणी विज्ञापन एजेन्सी "भि-चित्र"ले २ स्वर्ण र १ रजत पुरस्कारका साथ उच्च सम्मान प्राप्त गरेको छ ।

भि-चित्रले लोकप्रिय नेपाली तयारी चाउचाउ ब्राण्ड वाइवाइको लागि संचालन गरेको "हामी सबैको मनमा वाइवाइ" उत्कृष्ट लामो अवधिको अभियान र कपालको हेरचाह सम्बन्धिको ब्राण्ड "लिभोन"को लागि गरिएको क्याम्पेन "किप योर कलर्स" वर्षको उत्कृष्ट बजेट क्याम्पेन घोषित हुँदै गोल्ड अवार्ड प्राप्त गरेको छ । यसका साथै भि-चित्रले लिभोन प्रोफेशनलका लागि गरेको अभियान वर्षकै बेस्ट इनोभेटिभ क्याम्पेन घोषित हुँदै सिल्भर अवार्डद्वारा सम्मानित भएको छ।

भि-चित्र डिजिटल मिडिया र कन्टेन्ट स्ट्राटेजी प्रमुख रसना डंगोलले टिप्पणी गरिन्, नेपाली उपभोक्ताहरूको दृष्टिकोण टेक्नोलोजीको बृद्धि र परिवर्तनशील मार्केटिङ परिदृश्यको साथ विकसित भइरहेको छ ।

प्रगतिशील समाज र उपभोक्ताहरूसँग अनुकुलन हुनेगरि लिभोनले समाजको हितमा चालेका कदमहरूमा ब्राण्डको छवि प्रतिबिम्बित भएको छ। सौन्दर्य र व्यक्तिगत हेरचाहका क्षेत्रमा सबैभन्दा कम प्रतिनिधित्व गर्ने क्षेत्रमा लिभोनले लिएको पहल सराहनीय छ र यसले लिभोनलाई एक आधुनिक ब्राण्डको रूपमा स्थापित गरेको छ।

यसै सन्दर्भमा लिभोनले दिप्ती र सुप्रिताको कथालाई प्रस्तुत गरेको थियो जो नेपालमा आधिकारिक रूपमा विवाह गर्ने पहिलो समलैंगिक जोडी हुन् । उनीहरूलाई उनीहरूको मौलिक रंग अक्षुण्ण राख्न प्रोत्साहित गर्दै लिभोनले समाज परिवर्तनको यात्रामा एक साहसिक कदम चालेको छ ।

यस बीचमा, लिभोन प्रोफेशनल सीरम अभियानले आफ्नो कामको लागि परिचित सौन्दर्य स्टाइलिस्टहरू समेत ल्याएको छ जसले ब्रान्डप्रतिको विश्वासलाई अझ गाढा बनाउन र आफ्ना शुभचिन्तकहरूलाई उनीहरूसँग सीधै सम्पर्क स्थापित गर्न सहयोग गरेको छ।

भि-चित्रले ख्यातीप्राप्त पुरस्कार प्राप्त गरेको सन्दर्भमा खुशी हुँदै एजेन्सीका ग्राहक सम्बन्ध प्रमुख अनुपम श्रेष्ठले भने, "विज्ञापनले पुस्ताहरूलाई जोड्दछ । "हामी सबैको मनमा वाइवाई" यसैको एउटा प्रमुख उदाहरण हो", श्रेष्ठले सन् २००० मा सुरु भएको वाइवाइको यस अभियानलाई स्मरण गर्दै भने, "वाइवाइ नेपालकै लोकप्रिय ब्रान्ड हो तर पनि पुस्तान्तरण सँगसँगै ग्राहकहरूसँग सम्बन्ध बनाइराख्नु उत्तिकै जरुरि हुन्छ ।

सन् २००० को प्रारम्भमा सुरु गरिएको मौलिक अभियान "हामी सबैको वाइवाइ"ले गहिरो रूपमा सबैको मनमा प्रतिध्वनित गरेको हुनाले आज पनि हामी पुराना र नयाँ दुवै दर्शकहरूलाई जोड्ने कुराहरूको सिर्जना गर्न, दुवैसँग भावनात्मक सम्बन्ध र संलग्नता कायम गर्न स्थापित परिचयको लाभ लिँदै पुराना भावनाहरूमा आधुनिक टच मिसाउँछौं ।"

डंगोल र श्रेष्ठ दुवैले एकै आसय व्यक्त गर्दै भने, "नेपाली विज्ञापन क्षेत्रको विकास भइरहेको छ। यसले नवीन सोच र कार्यान्वयन रणनीतिहरू मार्फत् अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग प्रतिस्पर्धा गर्न सक्छ । यी पुरस्कारहरूले हाम्रो दावीलाई थप प्रमाणित गर्दछन् ।"

भि-चित्र आफ्नो विशिष्ट विज्ञापन अभियानका लागि प्रख्यात छ र यस क्षेत्रमा अग्रणी रहिआएको कम्पनीलाई नेपालकै उत्कृष्ट एकीकृत विज्ञापन एजेन्सीहरू मध्ये एक मानिन्छ।

# एकैपटकमा २५ वटा किङलङ १४ सिटर इलेक्ट्रिक माइक्रो भ्यान



काठमाडौं- चौधरी ग्रुप अन्तर्गतको सीजी मोटर्सले सुपर माउन्ट एभरेस्ट यातायात व्यवसायी प्रा.लिलाई एकैपटकमा २५ वटा किङलङ १४ सिटर इलेक्ट्रिक माइक्रो भ्यान हस्तान्तरण गरेको छ।

नेपाली बजारमा सीजी मोटर्सले किङलङ १४ सिटर इलेक्ट्रिक भ्यान बिक्री गर्दै आइरहेको छ । काठमाडौंमा एक विशेष कार्यक्रमको आयोजना गरी भ्यान हस्तान्तरण गरिएको हो।

उक्त कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता अर्जुन नरसिंह केसी, यातायात व्यवसायी महासंघका अध्यक्ष विजय स्वार तथा अन्य यातायात व्यवसायीका प्रतिनिधि र यातायातसँग सम्बन्धित व्यक्तित्वहरूको उपस्थिति पनि रहेको थियो।

कार्यक्रममा सीजी मोटर्सका महाप्रबन्धक दिनेश पाण्डेले यति धेरै गाडी एकैपटकमा हस्तान्तरण गर्न पाउँदा सीजी मोटर्स परिवार अत्यन्तै हर्षित भएको बताए । उनले वातावरण संरक्षणतर्फ लिएको कदमप्रति सुपर माउण्ट एभरेष्ट यातायात व्यवसायी प्रालिलाई धन्यवाद समेत दिए।

बजारमा प्रचलित डिजेल भ्यानहरूसँग तुलना गर्दा इलेक्ट्रिक माइक्रो भ्यानहरूले अत्याधिक रुपमा खर्च कटौती गरी धेरैभन्दा धेरै बचतको बाटो खोलिदिएको उनको भनाइ छ।

'प्रति किलोमिटरको अपरेटिङ कष्टको हिसाब गर्ने नै हो भने २ रुपैयाँभन्दा पनि कम हुन आउँछ । जसकारण हाम्रो यातायात व्यवसायीहरूले न्यूनतम खर्चमा धेरै आम्दानी गर्न सक्नु हुन्छ,' उनले भने।

किङलोङ १४ सिटर इलेक्ट्रिक कमर्सियल भेहिकलमा ५०.२३ किलोवाटको ब्याट्री पाउन सकिन्छ। यसका साथै उक्त गाडीमा एबीएस, इबीडी, १८० एमएम ग्राउण्ड क्लेरेन्स, १५ इन्चको टाएर, रिभर्स क्यामेरा, रिभर्स क्यामेरा विथ सेन्सर, ए.सी लगायत विशेषताहरू छन्।

उक्त गाडीलाई २० प्रतिशतबाट ८० प्रतिशत चार्ज गर्न ४५ मिनेट लाग्ने कम्पनीले जनाएको छ । ग्राहकहरूको मागअनुसार किङलङको पानीपोखरी सोरुमसँगै नेपालभर थप २१ वटा सोरुमबाट सेल्स तथा सर्भिसिङको सुविधा विस्तार गरिएको कम्पनीले बतायो।

कम्पनीका अनुसार काठमाडौंमा ३ स्थानबाट सर्भिसिङको सुविधा लिन सकिन्छ । नेपालभर १८५ भन्दा धेरै स्थानहरूमा चार्जिङ सेवा दिँदै आइरहेको र थप उत्तिकै ठाउँमा चार्जिङ सुविधा विस्तार हुने बताइएको छ।

# हाइड्रोजन फ्युल सेलबाट चल्ने पेडलसहिको स्कुटर भारतमा लन्च



काठमाडौं- हाइड्रोजन फ्युल सेलबाट चल्ने स्कुटर भारतमा सार्वजनिक भएको छ। वार्डविजार्ड इनोभेसन एण्ड मोबिलिटी लिमिटेडले हाइड्रोजन फ्युल सेलमा चल्न सक्ने स्कुटर भारतीय बजारमा ल्याएको हो।

कम्पनीले यसलाई भारत मोबिलिटी ग्लोबल एक्सपो २०२४ मा 'कन्सेप्ट मोडेल'को रूपमा प्रदर्शनीमा राखेको थियो।

हाल हाइड्रोजन इन्धन सेलको अवधारणा अनुसन्धान र विकास चरणमा छ। यसलाई पूर्ण रूपमा विकसित गरिसकेपछि यो प्रविधिलाई युटिलिटी भेहिकललगायत विभिन्न सेगमेन्टमा ल्याइने तयारी गरिँदैछ।

कम्पनीले ल्याएको हाइड्रोजन पावरयुक्त सो स्कुटरको माइलेज ५५ किलोमिटर रहेको छ। यस स्कुटरमा 'पेडल' पनि राखिएको छ जसलाई आपतकालीन अवस्थामा प्रयोग गर्न सकिनेछ।

भारत मोबिलिटी ग्लोबल एक्सपो २०२४ मा जोय ई-बाइकको हाई स्पीड इलेक्ट्रिक स्कुटर लन्च गरिएको थियो । साथै, इभी कम्पोनेन्ट्सको इन-हाउस निर्माण सहितको इभी एन्सिलरी क्लस्टर मोडेल प्रदर्शन गरिएको थियो । योसँगै कम्पनीले 'जोय ई-रेक' नामबाट नयाँ अवधारणासहितको नयाँ विद्युतीय तीनपाङ्गे सवारीसाधन पनि ल्याएको छ।

डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔ
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार